# गण्डकी प्रदेश सरकारका
# ७ वर्ष
# अनुभव र उपलब्धि


प्रकाशक

**गण्डकी प्रदेश सरकार**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पोखरा

२०८१ माघ २२

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

©प्रतिलिपि अधिकार
गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

फोनः ०६१-४६७६४८, ४६७६६४, ४६७६८३, ४६७८५१
ईमेलः ocmcm@gandaki.gov.np, ocmcm.gandaki@gmail.com, gr.ocmcm.gandaki@gmail.com
वेभसाईटः ocmcm.gandaki.gov.np

# मन्त्रिपरिषद्



**सुरेन्द्रराज पाण्डे**
मानानीय मुख्यमन्त्री
गण्डकी प्रदेश सरकार



पदमा जि.सी. श्रेष्ठ
माननीय मन्त्री कृषि, भूमि व्यवस्था तथा
सहकारी मन्त्रालय



बिन्दु कुमार थापा
माननीय मन्त्री
सामाजिक विकास, युवा तथा
खेलकुद मन्त्रालय



डा. टकराज गुरुङ
माननीय मन्त्री
आर्थिक मामिला मन्त्रालय



कृष्ण प्रसाद पाठक
माननीय मन्त्री
स्वास्थ्य मन्त्रालय



मित्रलाल बस्याल
माननीय मन्त्री
उद्योग तथा पर्यटन मन्त्रालय



फणीन्द्र देवकोटा
माननीय मन्त्री
ऊर्जा, जलस्रोत तथा खानेपानी
मन्त्रालय



भेष बहादुर पौडेल
माननीय मन्त्री
वन तथा वातावरण मन्त्रालय



प्रकाश बहादुर के.सी.
माननीय मन्त्री
भौतिक पूर्वाधार विकास तथा
यातायात व्यवस्था मन्त्रालय

## संरक्षक

सुरेन्द्रराज पाण्डे
मानानीय मुख्यमन्त्री

## सल्लाहकार

श्री रघुराम विष्ट
प्रमुख सचिव

## सम्पादन मण्डल

| | |
|---|---|
| सचिव श्री केशवराज ढकाल, शासकीय सुधार तथा समन्वय महाशाखा | -संयोजक |
| उपसचिव श्री प्रवीण ढकाल, बैठक तथा प्रशासन शाखा | -सदस्य |
| उपसचिव श्री तेज बहादुर गुरुङ, योजना अनुगमन तथा नतिजा व्यवस्थापन शाखा | -सदस्य |
| कम्प्युटर अधिकृत श्री सज्जन भूर्त्याल, योजना, अनुगमन तथा नतिजा व्यवस्थापन शाखा | -सदस्य |
| शाखा अधिकृत श्री जानकी देवी शर्मा, योजना, अनुगमन तथा नतिजा व्यवस्थापन शाखा | -सदस्य- सचिव |



# शुभकामना

गण्डकी प्रदेश स्थापनाको सातौं वर्ष पूरा गरी आठौं वर्षमा प्रवेश गरेको सुअवसरमा सम्पूर्ण गण्डकी प्रदेशबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछु। प्रदेश सरकारको स्थापनाकालदेखि हालसम्म प्राप्त गरेका उपलब्धिहरू समेटेर स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ। **"गण्डकी प्रदेश सरकारका ७ वर्ष अनुभव र उपलब्धि, २०८१"** नामक यस स्मारिका (पुस्तक)ले हालसम्म गण्डकी प्रदेश सरकारले प्राप्त गरेका उपलब्धिलाई लिपिबद्ध गर्नुका साथै संस्थागत सम्झना राख्न महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास लिएको छु।

नेपालको संविधानले तोकेको अधिकार र कार्यक्षेत्र बमोजिम संवैधानिक मूल्य, मान्यता एवं प्रचलित कानुन बमोजिम सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गरी प्रदेश सरकारले नागरिकसामु लोकतन्त्र र सुशासनको जगलाई स्थापित गरेर आफूलाई परिपक्व बनाउँदै लगेको छ। गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले अगाडि सारेको **"आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी"** सोच अनुरूप नागरिकको जीवनस्तर सुधार गर्न गण्डकी प्रदेश सरकार सदैव गम्भीर रहेको व्यहोरा पनि अवगत गराउन चाहन्छु।

संघीयताको कार्यान्वयनलाई मजबुत बनाउने उद्देश्यले पोखरामा यस अघि सम्पन्न राष्ट्रिय समन्वय परिषद् र अन्तरप्रदेश मुख्यमन्त्री बैठकले संघ, प्रदेश र स्थानीय तहवीचको सहकार्य, सहअस्तित्व र समन्वय तथा कार्य जिम्मेवारीका सम्बन्धमा थप स्पष्ट पार्न महत्वपूर्ण भूमिका खेलेको छ भन्ने विश्वास लिएको छु।

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम मार्फत स्थानीय तहमा नवप्रवर्तन, उद्यमशीलता, सेवा प्रवाहमा सुधार लगायतका कार्यमा टेवा पुगेको साथै स्थानीय तहमा न्यायिक सहजकर्ताको व्यवस्थाबाट न्यायिक समितिको कार्य सम्पादनमा सहयोग एवं सहजीकरण हुनेछ भन्ने विश्वास लिएको छु ।

प्रदेशको स्वास्थ्य क्षेत्रमा समायानुकुल सुधार एवं विपन्न वर्गको पहुँच अभिवृद्धिका लागि हालै गोरखाको आँपपिपल अस्पताल र बागलुङको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई ५०

शैयाको प्रदेश अस्पतालको रूपमा स्तरोन्नति गरी सञ्चालनमा ल्याइएको छ। गण्डकी प्रदेशका गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउन प्रक्रिया अगाडि बढाइएको छ।

गण्डकी प्रदेश सरकारले सीमित स्रोत र साधनका बाबजुद कार्यक्रम तथा बजेटको विनियोजन दक्षतालाई संस्थागत गराउँदै समन्यायिक विकासको अवधारणालाई मध्यनजर राखेर बजेट विनियोजन गर्ने गरेको व्यहोरा अवगत गराउन चाहन्छु।

पूर्वाधार विकासलाई विशेष जोड दिन परियोजना बैंक मार्फत योजना/कार्यक्रम व्यवस्थापनमा सुधार तथा परिमार्जनको थालनी भएको छ। नागरिकसँग अन्तरक्रिया गर्ने, गुनासो सुन्ने र उक्त समस्या/गुनासोलाई प्राथमिकतामा राखेर तत्काल आवश्यकतानुसार सम्बोधन गर्ने प्रणालीको विकास भएको छ।

विकास निर्माणका आयोजना तथा कार्यक्रम समयमै सम्पन्न गरी सोको गुणस्तरीय प्रतिफल प्राप्त गर्न योजना अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्न सम्बन्धित क्षेत्रकै प्रदेश सभा सदस्यको संयोजकत्वमा अनुगमन तथा मूल्यांकन समिति (संयन्त्र) निर्माण गरिएको छ। यस समिति मार्फत प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको स्थलगत निरीक्षण गरी प्रदेशमा सञ्चालित आयोजनामा गुणस्तर कायम गर्न, समयमा आयोजना सम्पन्न गर्न र समग्र पूँजीगत खर्चको वृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु।

गण्डकी प्रदेश स्थापनाको आठौं वर्षमा प्रवेश गरेको यस अवसरमा प्रदेश सरकारले ७ वर्षसम्म संचालन गरेका कार्यक्रम र यसबाट प्राप्त समस्त उपलब्धिलाई समावेश गरी पुस्तक प्रकाशनको तयारीमा खटिनुहुने प्रमुख सचिव, सम्पादक मण्डलमा रहेर काम गर्नुहुने राष्ट्रसेवक कर्मचारी लगायत प्रत्यक्ष परोक्ष रूपमा संलग्न सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

मितिः- २०८१ माघ २२ गते मंगलबार

(सुरेन्द्रराज पाण्डे)
मुख्यमन्त्री

# शुभकामना



गण्डकी प्रदेश स्थापनाको सातौँ वर्ष पुरा भई आठौँ वर्ष प्रारम्भ भएको सुखद उपलक्ष्यमा हार्दिक शुभेच्छा व्यक्त गर्दछु।

यस अवधिमा गण्डकी प्रदेश सरकारले उपलब्ध स्रोत, साधनको उच्चतम प्रयोग गर्दै सिर्जनशीलता, व्यावसायिकता र प्रतिस्पर्धात्मक प्रक्रिया मार्फत व्यवसायिक र नतिजामूलक कार्यसम्पादनका लागि निरन्तर प्रतिबद्ध रहेको व्यहोरा यहाँहरू सबैमा सर्वविदितै छ।

नेपालको संविधान, कार्य विस्तृतीकरण प्रतिवेदन र प्रचलित कानुन समेतको आधारमा प्रदेशको शासकीय विधि, पद्धति र अभ्यासमा लैङ्गिक सूचक, समावेशी विकास, दिगो विकास, मानव अधिकार, सुशासनका कार्य योजनाहरू लागू गरी विगत ७ वर्षको अवधिमा गण्डकी प्रदेश सरकारले विभिन्न ७२ वटा ऐन र २५ वटा नियमावली तर्जुमा गरेर प्रदेश सरकारका गतिविधिहरू सम्पादन एवं सञ्चालन हुँदै आएका छन्।

नेपालको संविधानले प्रदान गरेका प्रदेशका कार्यसूचीको कार्यान्वयन मार्फत लोकतन्त्रका लाभ आम नागरिकसम्म पुऱ्याउनका लागि प्रदेश सरकारको भूमिकालाई अझै सशक्त र प्रभावकारी बनाउन आवश्यक देखिएको छ। साथै तीनै तहका सरकारबीच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्त बमोजिम कार्य वातावरणको सिर्जना गरी आपसी सहयोग र साझेदारीको माध्यमद्वारा संघीय शासन प्रणालीलाई व्यवहारीक रूपमा नै प्रतिबिम्बित हुने गरी कार्य सम्पादन हुन आवश्यक देखिएको छ। यसै मर्म अनुरूप गण्डकी प्रदेश सरकारले स्थानीय तहको नमूना कानून, जनप्रतिनिधिको तालिम, राजस्व सुधार कार्ययोजना, मध्यमकालीन खर्च संरचना, क्षमता विकास योजना, कर्मचारी व्यवस्थापन आदि क्षेत्रमा नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

अन्तरतह राजस्व संकलन, बाँडफाँट, वित्तीय हस्तान्तरण, मनसुनजन्य विपद् बाट क्षतिग्रस्त निजी आवासलाई अनुदान, कर्मचारी व्यवस्थापन लगायतका कार्यक्रमबाट संघ प्रदेश र स्थानीय तहबीचको सम्बन्धलाई सुदृढ पार्दै तिनै तहको समन्वयमा राष्ट्रिय लक्ष्य हासिल गर्न एकै विन्दुमा उभिनुपर्ने आवश्यकता देखिएको छ। संघ, प्रदेश र स्थानीय तहबीच सेवा प्रवाह,

सुशासन र आर्थिक विकासका लागि संयुक्त कार्यक्रममा सहलगानी साझेदारी जस्ता कार्य संस्कृतिको विकास हुन आवश्यक रहेको छ।

गण्डकी प्रदेश सरकारले ७ वर्षसम्म गरेका उपलब्धिहरू समेटेर अभिलेखीकरण गर्ने उद्देश्यले प्रस्तुत स्मारिका "गण्डकी प्रदेश सरकारका ७ वर्षे अनुभव र उपलब्धि २०८१" पुस्तक प्रकाशन गरिएको छ। यस पुस्तक प्रकाशनमा खटिनुहुने पुस्तक तयारी तथा प्रकाशन सहजीकरण समितिका संयोजक लगायत सबै सदस्यलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै प्रकाशनका लागि महत्त्वपूर्ण सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने सबै मन्त्रालय/आयोग/प्रतिष्ठान/निकाय लगायत राष्ट्रसेवक कर्मचारीलाई धन्यवाद व्यक्त गर्दछु।

(रघुराम बिष्ट)
प्रमुख सचिव

# प्राक्कथन

नेपालको संविधान जारी भएपछि सम्पन्न पहिलो प्रदेश सभाको निर्वाचन पश्चात् वि.सं. २०७४ माघ २२ गते गठित गण्डकी प्रदेश सभाले वि.सं २०७४ फागुन ४ गते पहिलो गण्डकी प्रदेश सरकारको गठन गरेको हो। संवैधानिक कार्यसूची र प्रचलित कानुन बमोजिम राजनीतिक, प्रशासनिक, वित्तीय व्यवस्थापन र सेवा प्रवाहका कार्य नै प्रदेश सरकारका मुख्यमुख्य कार्य क्षेत्रहरू हुन्। सोही बमोजिम संघ र स्थानीय तहसँग आपसी समन्वय एवं सहकार्य गर्दै विकास, सुशासन र अन्तर सम्बन्धलाई प्रदेश सरकारले सुदृढ तुल्याउँदै आएको छ। प्रदेश सरकारले नागरिकसामु जिम्मेवार भई पूर्ण सरकारको भूमिका निर्वाह गर्दै कार्यकारीणी अधिकार सहितको सरकार सञ्चालन, विधि निर्माण र निर्मित विधिको कार्यान्वयन गर्दै आइरहेको छ।

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ ले स्पष्ट पारेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय तथा मातहतका निकायको कार्य जिम्मेवारी र कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लेखित प्रदेशका कार्य क्षेत्रप्रति प्रदेश सरकार प्रतिबद्ध छ। त्यसअनुसार राजनैतिक, प्रशासनिक र वित्तीय आचरण अनुशासन र कार्य प्रणाली मार्फत शासकीय सेवा प्रवाहलाई क्षेत्रीय, सामाजिक, सांस्कृतिक र आर्थिक हिसाबले न्यायोचित र समतामूलक बनाइ सहकार्य, सहअस्तित्व र समन्वयलाई प्रदेशको विकास नीति र सुशासनको उत्तरदायी अङ्गका रूपमा स्थापना गरेको छ।

गण्डकी प्रदेश सरकार स्थापनाकालबाट सातौं वर्षसम्म आइपुग्दा महत्वपूर्ण उपलब्धिहरू हासिल गरिएका छन्। संवैधानिक कार्यसूचीमा भएका एकल र साझा अधिकारका विषयहरूले प्रदेश विकासको नीति र विधिको स्वरूप ग्रहण गरेका छन्। संघीयताप्रति राजनीतिक प्रतिबद्धता प्राप्त छ। कानुनी आचार संहिताको पालना, भौतिक पूर्वाधार विकास व्यवस्थापन, वित्तीय अनुशासन पद्धति स्थापित भई समन्वय तथा अन्तर सम्बन्धका आयाम, असल अभ्यासको संस्थागत विकास प्रक्रियाहरू क्रियाशील छन्। प्रदेशभित्र संगठन संरचना, जनशक्ति व्यवस्थापन, सेवा प्रवाह, विकास व्यवस्थापन, प्रादेशिक आवधिक योजना तर्जुमा, कार्यान्वयन, मध्यमकालीन समीक्षा, विपद् व्यवस्थापन, रोजगारमूलक सिप प्रशिक्षण लगायतका

कार्यक्रम सञ्चालन गर्दै आएको छ। बजेट विनियोजन, खर्च, आयोजना/योजनाको समीक्षा र पृष्ठपोषण, राजश्व संकलन, बाँडफाँट र वित्तीय हस्तान्तरण पद्धतिमा निरन्तर सुधार र परिमार्जन भइरहेको छ। संवैधानिक अधिकार बमोजिम प्राप्त जिम्मेवारी कार्यान्वयनमा संघीय सरकार तथा स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्दै कतिपय विषयहरूमा ध्यानाकर्षण समेत गराउँदै आइरहेको छ। तीनै तहको समन्वयमा प्रदेशले गरेका प्रयास र उपलब्धि तथ्य, तथ्याङ्क, प्राथमिकता र क्षमताका आधारमा कार्यान्वयन गर्दै आएका उपलब्धिहरू संक्षेपमा देहायमा उल्लेख गरिएको छः-

- आ.व. २०७९/८० मा प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा ९.०६ प्रतिशत योगदान पुऱ्याउने संशोधित अनुमान गरेकोमा आ.व. २०८०/८१ सो अनुमान हासिल गरेको देखिन्छ। साथै प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर आ.व. २०८०/८१ मा ४.५५ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आ.व. २०७९/८० मा ३.३० प्रतिशत रहने संशोधित अनुमान गरिएको थियो।
- गण्डकी प्रदेशको राष्ट्रिय प्रतिव्यक्ति आय आ.व. २०८०/८१ मा १५५७ अमेरिकी डलर रहेको अनुमान गरिएको छ।
- यस प्रदेशको आ.व. २०८०/८१ सम्म को अनुमानित बहुआयामिक गरिबी ९.५ प्रतिशत, मानव विकास सूचकाङ्क ०.६१८, साक्षरता दर (१५ वर्षमाथि) ७१.५ प्रतिशत रहेको छ।
- गण्डकी प्रदेश सरकारले विभिन्न ७२ ऐन र २५ नियमावली निर्माण गरी कानूनमा सर्वसाधारणको पहुँच वृद्धिका लागि मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय वेबसाइटमा अद्यावधिक गरी प्रकाशन गरिएको छ।
- प्रदेशभित्र हालसम्म पक्की (कालोपत्रे/ढलान) ९२३ कि.मि. र ग्राभेल ७०० कि.मि. सडक निर्माण कार्य सम्पन्न भइसकेको छ।
- प्रदेश सरकार गठन हुँदा राष्ट्रिय प्रसारण लाइन मार्फत् विद्युतमा पहुँच पुगेका परिवार ८२.२ प्रतिशत रहेकोमा उक्त पहुँच वृद्धि भई ९९.५५ प्रतिशत पुगेको छ।
- राष्ट्रिय समन्वय परिषद र अन्तर प्रदेश मुख्यमन्त्रीको पहिलो वैठक पोखरामा सम्पन्न भई प्रहरी समायोजन, जग्गा प्राप्ति, तीनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्र, वित्तीय समानीकरण अनुदानको बजेट वृद्धि लगायतका विषयहरूमा साझा धारणा प्रस्तुत गरिएको छ।

- गण्डकी प्रदेशमा क्षेत्रगत रूपमा हेर्दा चालु आ.व. २०८०/८१ का लागि कुल मूल्य अभिवृद्धिको वृद्धिदर सबैभन्दा धेरै (२२.८४ प्रतिशत) आवास तथा भोजन सेवा क्षेत्रको र सबैभन्दा थोरै (-१.९६ प्रतिशत) निर्माण क्षेत्रको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, गत आ.व. २०७९/८० का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै (२१.९७ प्रतिशत) विद्युत क्षेत्रको र सबैभन्दा थोरै (-२.७६ प्रतिशत) थोक तथा खुद्रा व्यापार र मोटर गाडी मर्मत क्षेत्रको रहने संशोधित अनुमान गरिएको छ।
- एक निर्वाचन क्षेत्रएक सडक कार्यक्रमअन्तर्गत ३६ सडक आयोजनाको कुल लम्बाई ६७१ कि.मि. रहेकोमा हालसम्म २१५ कि.मि. सम्पन्न र २३१ कि.मि. सडक स्तरोन्नति गर्ने गरी कार्य भइरहेको छ।
- गण्डकी प्रदेश स्थापना पश्चात ७ वर्षको यस अवधिमा वन पैदावार बिक्रि, जडीबुटी संकलन र अन्य कार्यबाट रु.१ अर्व १३ करोड ५० लाख १२ हजार ३ सय ८८ राजश्व संकलन भएको छ । यस्तै राष्ट्रिय वन तथा निजी वनबाट करिव ६५ लाख क्यु.फिट काठ १२ हजार १ सय ४३ चट्टा दाउरा उत्पादन भएको छ भने ८ लाख २ हजार ६ सय २९ किलोग्राम जडीबुटी उत्पादन तथा संकलन गरिएको छ।
- खण्डीकृत कृषियोग्य भूमिको एकीकरण गर्दै कृषि क्षेत्रको आधुनिकीकरण तथा यान्त्रिकीकरण मार्फत उत्पादन लागत घटाउन कार्यान्वयनमा ल्याइएको जग्गा चक्लाबन्दी कार्यक्रम मार्फत प्रदेशका ९ जिल्लाका २८ स्थानमा गरीकुल ५ हजार ४ सय रोपनी खेतीयोग्य भूमिको चक्लाबन्दी गरिएको छ। यस्तै चक्लाबन्दी भएका जमिनमा कृषि यान्त्रिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धिका लागि ७ वटा कृषक समूह/कृषि सहकारीलाई यन्त्र उपकरण खरिदमा सहयोग गरिएको छ।

अन्त्यमा, गण्डकी प्रदेश सरकारले दोस्रो पञ्चवर्षीय योजनामार्फत आत्मसात गरेको "आत्मनिर्भर र समुन्नत प्रदेश सुखी प्रदेशवासी" को प्रादेशिक सोच बमोजिम आगामी दिनमा सरकारको सम्पूर्ण ध्यान सुशासन, समृद्धि र विकासमा केन्द्रित गरी यही सकारात्मक सोचको कुशल कार्यान्वयन र नतिजामुखी कार्यशैलीबाट नागरिकको जनजीविकामा परिवर्तन ल्याउनु अत्यावश्यक छ। साथै नेपाल सन् २०२६ मा विकासशील मुलुकमा स्तरोन्नति हुन र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य प्राप्त गर्ने राष्ट्रिय अभियानमा प्रादेशिक योगदानका लागि समेत गण्डकी प्रदेशले दोस्रो पञ्चवर्षिय योजनामा निर्दिष्ट गरेका योजना तथा कार्यक्रमको कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ। यी योजना तथा कार्यक्रमको

कार्यान्वयनबाट समतामूलक आर्थिक वृद्धि, नयाँ रोजगारीका अवसर र उत्पादनमूलक आयोजनामा लगानी केन्द्रित गर्दै निजी, सहकारी तथा सामुदायिक क्षेत्रको साझेदारी तथा सहकार्यलाई प्रबर्द्धन गर्न सहयोग पुग्ने देखिन्छ।

गण्डकी प्रदेश सरकारको ७ वर्षका अनुभव र उपलब्धिलाई समावेश गरेर प्रकाशन गरिएको यस स्मारिका पुस्तकमा प्रदेश स्थापनादेखि वि.सं. २०८१ पुस मसान्तसम्म यस प्रदेशका विभिन्न मन्त्रालय/निकायबाट प्राप्त भएका तथ्य, तथ्यांङ्क र कार्यप्रगति अभिलेखीकरण गरिएको छ। यस महत्त्वपूर्ण पुस्तक सम्बन्धित सबैको लागि पठनयोग्य सामाग्री बन्नेछ भन्ने अपेक्षा लिइएको छ।

# विषय सूची


| क्र.सं. विषय शिर्षक | पेज नं. |
|---|---|
| **गण्डकी प्रदेशको संक्षिप्त परिचय** | **1** |
| प्रदेशको नाम र राजधानी | 1 |
| प्रदेश अन्तर्गतका जिल्लाहरू -११ वटा | 1 |
| भौगोलिक अवस्थिति | 1 |
| जनसांख्यिक विवरण | 2 |
| सबैभन्दा बढी जनसंख्या | 2 |
| सबैभन्दा कम जनसंख्या | 3 |
| जनघनत्व | 3 |
| लैंगिक अनुपात | 3 |
| गण्डकी प्रदेशमा मानिने धर्महरू | 3 |
| मुख्य जातजाति र जनसंख्या | 3 |
| गण्डकी प्रदेशको राजनितिक तथा प्रशासनिक विभाजन | 4 |
| प्रदेश सभा | 5 |
| प्रदेश मन्त्रिपरिषद् | 5 |
| **गण्डकी प्रदेश सभा सचिवालय** | **14** |
| **प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश** | **17** |
| **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | **20** |
| समन्वय, सहकार्य र साझेदारी | 20 |
| शासकीय सुधार र सुशासन | 20 |
| नीति तथा कानुन निर्माण | 21 |
| **भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय** | **27** |
| **स्वास्थ्य मन्त्रालय** | **30** |
| आँपपिपल अस्पताल, गोरखा र बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र, बागलुङलाई गण्डकी प्रदेश सरकारको निर्णयबाट ५० शैयामा स्तरोन्नति गरी आँप पिपल अस्पताल र बुर्तिबाङ अस्पताल कायम गरेर बजेट तथा कार्यक्रम सम्बन्धित कार्यालयमा पठाउने व्यवस्था भएको छ। उक्त अस्पतालहरूमा प्रति अस्पताल ९ जना विशेषज्ञ सहित ६९ दरबन्दी रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको छ। | **30** |
| **सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय** | **33** |
| **उद्योग तथा पर्यटन मन्त्रालय** | **36** |
| **वन तथा वातावरण मन्त्रालय** | **38** |
| **ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय** | **40** |
| **कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय** | **42** |

समष्टिगत आर्थिक अवस्थाः 48

योजनातर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनः 49





50

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान 51

*मुद्दाको संख्यात्मक विवरण* 54

अनुसूची - १ 55

*गण्डकी प्रदेश सभाबाट जारी भएका ऐन तथा प्रदेश सरकारबाट स्वीकृत भई लागू भएका नियमावलीको विवरण* 55

अनुसूची-२ 59

*गण्डकी प्रदेश सरकार अन्तर्गत कायम रहेका मन्त्रालयको विवरण* 59

अनुसूची-३ 60

*गण्डकी प्रदेश अन्तर्गतका निकाय/आयोग/प्रतिष्ठान/निर्देशनालयहरूको विवरण* 60

अनुसूची-४ 61

तयारी तथा सहजीकरण समिति 61

तस्वीरहरू 62

# गण्डकी प्रदेशको संक्षिप्त परिचय

## प्रदेशको नाम र राजधानी


- मितिः- २०७४/११/०४ पहिलो प्रदेश सरकारको गठन।
- मितिः- २०७५/०३/१८ मा प्रदेश सभाको २४ औं बैठकबाट यस प्रदेशको राजधानी **पोखरा** तोक्ने प्रस्ताव दुई तिहाई बहुमतले पारित।
- मितिः- २०७५/०३/२२ मा प्रदेश सभाको २६ औं बैठकबाट यस प्रदेशको नामाकंन **गण्डकी** तोक्ने प्रस्ताव दुई तिहाई बहुमतले पारित भएको।
- प्रदेश सिमानाः- पूर्व- वाग्मती प्रदेश, पश्चिम- लुम्बिनी र कर्णाली प्रदेश, उत्तर- चीन, दक्षिण- लुम्बिनी प्रदेश र भारत।

## प्रदेश अन्तर्गतका जिल्लाहरू -११ वटा

- कास्की, गोरखा, तनहुँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पर्वत, बागलुङ, मनाङ, मुस्ताङ, म्याग्दी लमजुङ, स्याङ्जा।


## भौगोलिक अवस्थिति

- विश्व मानचित्रमा २७°२६'१५" उत्तरी अक्षांशदेखि २९°१९'५०" उत्तरी अक्षांशसम्म।
- ८२°५२'४५" पूर्वी देशान्तरदेखि ८५°१२'०५" पूर्वी देशान्तरसम्म ।
- नेपालको कूल भू-भागको १४.६७ प्रतिशत क्षेत्रफल अर्थात २१,९७४ वर्ग कि.मी. भूभाग ओगटेको।
- उचाइ समुद्र सतहबाट १०३ मिटर (त्रिवेणी) देखि ८,१६७ मिटर (धौलागिरी) सम्म फैलिएको।




- गाण्डव ऋषिको नामबाट गण्डकी नदी / सप्तगण्डकी नामकरण।
- गण्डकीका सातवटा सहायक नदीहरू रहेको (त्रिशुली, बुढीगण्डकी, दरौदी,मर्स्याङ्दी, मादी, सेती, कालीगण्डकी)

- कूल क्षेत्रफलः-२१७३३ वर्ग कि.मि.
  - हिमाली -५८१९ वर्ग कि.मि.,
  - पहाडी -१४६०४ वर्ग कि.मि.,
  - तराई - १३१० वर्ग कि.मि.




## <u>जनसांख्यिक विवरण</u>

- कूल जनसंख्या २४,६६,४२७ मध्येपुरुषको संख्या ११,७०,८३३ (४७.४७ प्रतिशत) र महिलाको संख्या १२,९५,५९४ (५२.५३ प्रतिशत)।
- लैङ्गिक अनुपात अर्थात प्रति १०० जना महिलामा पुरुषको संख्या ९०.३७ रहेको।
- वार्षिक औषत जनसंख्या वृद्दिदर ०.२५ प्रतिशत।
- जनघनत्व ११५ जना प्रतिवर्ग किलोमिटर।
- धेरै जनघनत्व कास्की जिल्ला (२९७ जना प्रति वर्ग किलोमिटर)।
- सबैभन्दा कम मनाङ जिल्लामा (३ जना प्रति वर्ग किलोमिटर) ।
- कुल जनसंख्यामा ६२.८ प्रतिशत (१५ देखि ५९ वर्ष उमेरका )।
- १४ वर्ष वा सो भन्दा कम उमेर समूह २३.९ प्रतिशत।
- ६० वर्ष वा सो भन्दा माथिल्लो उमेरका जनसंख्या १३.३ प्रतिशत ।
- वार्षिक जनसंख्या वृद्धिदर :- ०.२५%।
- औसत परिवार सदस्य संख्या :- ३.७२ जना।
- विदेशमा अक्सर बसोबास गर्ने :- १३.०८% प्रदेशको कुल जनसंख्या।

## <u>सबैभन्दा बढी जनसंख्या</u>

- जिल्ला :- कास्की (६ लाख ५१ जना)
- नगरपालिका :- कावासोती नगरपालिका (८६,८२१ जना), नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

- गाउँपालिका :- विनयी त्रिवेणी गाउंपालिका (३८,३७०जना), नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## सबैभन्दा कम जनसंख्या

- जिल्ला :- मनाङ (५,६५८ जना)
- नगरपालिका :- राईनास नगरपालिका, लमजुङ (१७,४८१ जना)
- गाउँपालिका :- नार्पाभूमि गाउँपालिका, मनाङ (३९६ जना), नेपालकै सबैभन्दा कम।

## जनघनत्व

- बढी जनघनत्व भएको जिल्ला :- कास्की (२९७ जना प्रतिवर्ग कि.मी.)
- कम जनघनत्व भएको जिल्ला :- मनाङ (३ जना प्रति वर्ग कि.मी.)
- बढी जनघनत्व भएको नगरपालिका :- कावासोती (८०१ जना प्रति वर्ग कि.मी.)।
- कम जनघनत्व भएको नगरपालिका :- ढोरपाटन, (१३५ जना)।

## लैंगिक अनुपात

- बढी लैंगिक अनुपात भएको जिल्ला :- मनाङ (१२९.४४ )
- कम लैंगिक अनुपात भएको जिल्ला :- स्याङ्जा (८५.५७)
- बढी लैंगिक अनुपात भएको नगरपालिका :- गैंडाकोट (९१.५७)
- कम लैंगिक अनुपात भएको नगरपालिका : भीरकोट (८२.९५)

## गण्डकी प्रदेशमा मानिने धर्महरू

- हिन्दु :- ८२.२% (२० लाख २७ हजार ९८० जना)
- बौद्ध :- ११.५% (२ लाख ८४ हजार ६४२ जना
- क्रिश्चियन :- २.४% (५८ हजार ३१५)
- बोन :- २.२% (५३ हजार ४०५ जना)
- इस्लाम :- ०.९%(२२ हजार ३६१ जना)
- प्रकृति :- ०.७% (१६ हजार ६३५५ जना)
- किंरात :- ०.१%(२ हजार ९६८ जना)
- शिख :- ४७ जना
- जैन :- ३९ जना
- बहाई :- २५ जना

## मुख्य जातजाति र जनसंख्या

- प्रदेशमा जम्मा १०७ जातजातिको बसोवास।
- गण्डकी प्रदेशमा मिश्रित जातजातिको बसोबास।

- मुख्य जातिहरू ब्राह्मण, मगर, क्षेत्री, गुरुङ, दलित, थारु, नेवार, छन्त्याल, थकाली, मुसलमान आदि।
- धेरै जनसंख्या भएका ५ जातिहरू पहाडी ब्राह्मण :- २०%, मगर १८.८%, क्षेत्री (१३.१%), गुरुङ (११%), दलित (९.३%)।
- कम जनसंख्या भएका ५ जातिहरू हायु (१०जना), नाचिरिङ (११ जना),कुशवाडिया (१२जना), थुलुङ (१६ जना), चाम्लिङ (१६ जना)

## गण्डकी प्रदेशको राजनितिक तथा प्रशासनिक विभाजन

| | | स्थानिय तह | | निर्वाचन क्षेत्र | |
|---|---|---|---|---|---|
| क्र.स. | जिल्ला | नगरपालिका | गाउँपालिका | प्रतिनिधी सभा | प्रदेश सभा |
| १ | म्याग्दी | १ | ५ | १ | २ |
| २ | मुस्ताङ | ० | ५ | १ | २ |
| ३ | पर्वत | २ | ५ | १ | २ |
| ४ | बाग्लुङ | ४ | ६ | २ | ४ |
| ५ | मनाङ | ० | ४ | १ | २ |
| ६ | स्याङ्जा | ५ | ६ | २ | ४ |
| ७ | गोरखा | २ | ९ | २ | ४ |
| ८ | लमजुङ | ४ | ४ | १ | २ |
| ९ | तनहुँ | ४ | ६ | २ | ४ |
| १० | कास्की | १ | ४ | ३ | ६ |
| ११ | नवलपरासी (ब.सु.पू) | ४ | ४ | २ | ४ |

**संक्षेपः-**

महानगरपालिका :- १(एक)

नगरपालिका :- २६(छब्बिस)

गाउँपालिका :- ५८(अन्ठाउन्न)

स्थानिय तह जम्मा :- ८५(पचासी)

समावेश जिल्ला :- ११

क्षेत्रफल:-२१७३३ वर्ग कि.मि.- हिमाली -५८१९ वर्ग कि.मि.,पहाडी -१४६०४ वर्ग कि.मि.,तराई — १३१० वर्ग कि.मि.

प्रतिनिधि सभा निर्वाचन क्षेत्र :-१८

प्रदेश सभा निर्वाचन क्षेत्र :- ३६

प्रदेश सभा कुल सदस्य संख्या :- ६० जना

प्रत्यक्ष निर्वाचित :- ३६ जना

समानुपातिक निर्वाचित :- २४ जना

## प्रदेश सभा

प्रदेश सभामा कूल सदस्य संख्या- ६० जना।

पहिलो हुने निर्वाचित हुने तर्फ- ३६ जना।

समानुपातिक तर्फ- २४ जना।

प्रदेश सभाको पहिलो बैठक- प्रथम कार्यकालः- वि.सं. २०७४/१०/२२

दोश्रो कार्यकालः- वि.सं. २०७९/०९/१८

**प्रदेश सभाका सभामुख-**

| क्र.सं. | नाम थर | अवधि (देखि - सम्म) | कैफियत |
|---|---|---|---|
| १. | मा. नेत्र नाथ अधिकारी | २०७४।११।३ देखि २०७९।०५।२२ सम्म | प्रथम कार्यकाल |
| २. | मा. कृष्ण प्रसाद धिताल | २०७९।०९।३० देखि हालसम्म | दोश्रो कार्यकाल |

**प्रदेश सभाका उपसभामुख-**

| क्र.सं. | नाम थर | अवधि (देखि -सम्म) | कैफियत |
|---|---|---|---|
| १. | मा. सिर्जना शर्मा | २०७४।११।०६ देखि २०७९।०५।२२ सम्म | प्रथम कार्यकाल |
| २. | मा. विना कुमारी थापा | २०७९।१०।०२ गते देखि हालसम्म | दोश्रो कार्यकाल |

## प्रदेश मन्त्रिपरिषद्

पहिलो मन्त्रिमण्डल गठन मितिः २०७४ फाल्गुण ०४

**मुख्यमन्त्रीहरूः**

| क्र.सं. | नाम, थर | अवधि (देखि-सम्म) | सम्बद्ध दल |
|---|---|---|---|
| १. | श्री पृथ्वीसुब्बा गुरुङ | २०७४।११।०४-२०७८।०२।२८ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २. | श्री कृष्णचन्द्र नेपाली पोखरेल | २०७८।०२।२९ -२०७९।०९।२५ | नेपाली काँग्रेस |
| ३. | श्री खगराज अधिकारी | २०७९।०९।२५ -२०८०।०१।१४ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४. | श्री सुरेन्द्रराज पाण्डे | २०८०।०१।१४ -२०८०।१२।२५ | नेपाली काँग्रेस |
| ५. | श्री खगराज अधिकारी | २०८०।१२।२५ -२०८१।०२।१६ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६ | श्री सुरेन्द्रराज पाण्डे | २०८१-०२-१६ -हालसम्म | नेपाली काँग्रेस |

# शासकीय परिदृश्य

## राष्ट्रिय परिदृश्य

सङ्घीय संरचना अनुरूप तीनवटै तहमा दोस्रो अवधिका लागि जननिर्वाचित सरकार गठन भई नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र सोको जवाफदेहिता बहन गर्न प्रयासरत छन्। राजनीतिक दलहरूबीच समोंन्नती र विकासका सवालमा सहमतिको वातावरण निर्माण हुँदै गएको छ । सार्वजनिक, निजी, सहकारी, विकास साझेदार तथा सामुदायिक क्षेत्रको लगानीले उत्पादन, रोजगारी र आर्थिक वृद्धिमा सहयोग पुग्ने अवस्था बन्दै गएको छ। निर्यातको आधार कमजोर रहेको अवस्थामा बढ्दो आयातले शोधनान्तर घाटा सिर्जना गर्ने सम्भावना प्रबल रहेको छ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले आयात व्यवस्थापन भइरहेको वर्तमान अवस्थामा दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्नु प्रमुख चुनौतीको रूपमा देखिएको छ। कोभिड-१९ लगायतका महामारी र विश्वव्यापी आर्थिक शिथिलताको असर न्यूनीकरण, राजनीतिक सहमतिको संस्कार र लगानीयोग्य वातावरण बन्दै जाँदा आन्तरिक लगानी, गैर आवासीय नेपाली र वैदेशिक लगानी बढ्ने सम्भावना मजबुद हुँदै गएको छ। वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरणले वैदेशिक मुद्राको संचितिमा सकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ।

वित्तीय सङ्घीयताको अवधारणा अनुरूप तीनवटै तहमा अधिकार र कार्य जिम्मेवारीको बाँडफाँट तथा वित्तीय हस्तान्तरण भैरहेको छ। प्रदेश तथा स्थानीय तहमा नीतिगत प्रबन्ध र संस्थागत क्षमता विकास हुँदै जाँदा समन्वय, साझेदारी तथा सहकार्यबाट सेवाप्रवाह र विकास कार्य प्रभावकारी हुँदै गएको छ। सडक तथा यातायात, ऊर्जा, सिँचाइ तथा औद्योगिक पूर्वाधारको विस्तारसँगै एकातर्फ उद्योग, व्यापार तथा व्यवसायमा वृद्धि हुँदै गएको छ भने अर्कोतर्फ गाउँबाट सहर बजारमा हुने बसाइँसराइ बढ्दै जाने र उत्पादनशील क्षेत्रमा लगानी घट्दै गएको छ।

## गण्डकी प्रदेशको परिदृश्य

गण्डकी प्रदेशको प्रतिव्यक्ति आय १,४९९ अमेरिकी डलर रहेको छ जुन राष्ट्रिय औसत आय १,३९९ भन्दा बढी देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) ३.६९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा विप्रेषणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २२.७ प्रतिशत रहेको छ। यसैगरी आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वित्तीय तथा तृतीय क्षेत्रको योगदान क्रमशः २६.२ प्रतिशत, १७.३ प्रतिशत र ५६.६ प्रतिशत रहेको छ।

प्रदेश सरकारले पोखरालाई पर्यटनको राजधानी घोषणा गरी पर्यटन पूर्वाधार विकास तथा सेवा सुविधा विकास, विस्तार र विविधिकरण र प्रबर्द्धनमा जोड दिएको छ। यसका साथै मर्स्याङ्दी,

कालीगण्डकी, मादी, सेती, म्याग्दी, चेपे तथा दरौंदी नदी तटीय क्षेत्र जलाधार संरक्षण; जलस्रोत तथा ऊर्जा क्षेत्र बहुउद्देश्यीय आयोजना; कृषि उत्पादन तथा प्रशोधन आयोजना; पर्यटन तथा औद्योगिक विकास कार्यलाई प्राथमिकता सूचीमा समावेश गरेको छ। यसका लागि लगानी सम्मेलन, सङ्घ, प्रदेश तथा स्थानीय तह साझेदारी, सार्वजनिक-निजी साझेदारी तथा सार्वजनिक-सहकारी साझेदारी र सार्वजनिक-समुदाय-गैरसरकारी साझेदारीको अवधारणा अगाडि सारेको छ।

यस प्रदेशमा कुल २९० वटा तालतलैया, ५० भन्दा बढी धार्मिक तथा सांस्कृतिक स्थल, २०० भन्दा बढी पर्यटकीय गन्तव्यस्थल, अन्नपूर्ण तथा मनास्लु संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र र पञ्चासे वन संरक्षण क्षेत्र लगायत ५ वटा जैविक विविधता तथा पर्यटकीय क्षेत्र रहेका छन्। यसैगरी ७ वटा विमानस्थल, करिव १२,००० कि.मि. सडक सञ्जाल, ८ वटा ठुला तथा मझौला जलविद्युत् आयोजना र ५ वटा भन्दा बढी ठुला तथा मझौला सिँचाइ आयोजना सञ्चालनमा रहेका छन्।

गण्डकी प्रदेशमा कुल क्षेत्रफलको करिब ४७.४ प्रतिशत भूभाग वन तथा बुट्यान क्षेत्रले ओगटेको छ। यस क्षेत्रमा उच्च महत्त्वको जङ्गलका रूपमा चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, चुरे क्षेत्र, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र, पञ्चासे वन संरक्षण क्षेत्र, फेवातालको पश्चिममा रहेको विश्व जैविक विविधता बगैंचा (पार्क) र ढोरपाटन शिकार आरक्ष रहेका छन्। प्रदेशका यी संरक्षण क्षेत्रभित्र जैविक विविधताको संरक्षण र प्रवर्द्धन हुँदै आएको छ। जैविक विविधताले प्रदेशमा पर्यावरणीय सन्तुलन र पर्यटकलाई आकर्षण गरी प्रदेशमा समुन्नति हासिल गर्न सहयोग पुऱ्याएको छ।

यस प्रदेशको अन्तर्राष्ट्रिय सिमाना-उत्तरमा सिमाना तिब्बत र दक्षिणमा भारतसँग जोडिएको छ। प्रदेश सरकारले उपलब्ध आर्थिक सम्भावना र अवसरलाई विकास र समोंन्नतीसँग जोड्ने पहलस्वरूप आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि योजनाबद्ध रूपमा कार्यारम्भ गरेको छ। प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजना अवधिमा प्रादेशिक नीति तर्जुमा, विकासका संभाव्य क्षेत्र पहिचान, कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण र विकास निर्माणको क्षेत्रमा सार्थक प्रयास गरेको छ। वित्त व्यवस्थापनका क्षेत्रमा सीमित राजस्व अधिकार तथा सङ्घीय अनुदानमा निर्भरताका बाबजुद समयावधिभित्रै आवधिक योजनाको निर्माण र सोको आधारमा मध्यमकालीन खर्च संरचना तर्जुमा, आर्थिक सर्वेक्षण, क्षेत्रगत र भौगोलिक सन्तुलन लगायत प्राथमिकताका आधारमा नीति तथा कार्यक्रम एवम् बजेट तर्जुमा हुँदै आएको छ। वार्षिक कार्ययोजना तयार गरी सो बमोजिम आयोजना तथा कार्यक्रमको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका कार्य हुँदै आएका छन्।

**प्रथम पञ्चवर्षीय योजनाको समीक्षा**

नेपालको संविधान बमोजिम प्रादेशिक अधिकार क्षेत्रभित्र रही गण्डकी प्रदेश सरकारले आ.व. २०७६/७७ देखि २०८०/८१ को लागि प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरी कार्यान्वयन गरेको छ। प्रथम पञ्चवर्षीय योजनाले समावेशी, सन्तुलित र दिगो आर्थिक तथा सामाजिक गन्तव्य पहिचान गरेको थियो। नेपालको दीर्घकालीन सोच "समृद्ध नेपालः सुखी नेपाली" लाई अनुसरण गर्दै प्रथम पञ्चवर्षीय योजनाले "समृद्ध प्रदेश र सुखी नागरिक"को दीर्घकालीन सोच तय गरेको थियो। गण्डकी प्रदेशले दीर्घकालीन सोचलाई व्यवहारमा उतार्न उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश निर्माण गर्ने लक्ष्य लिएको थियो। योजनाले प्रदेश समृद्धिका सात मुख्य संवाहक र पाँच सहयोगी क्षेत्र सहित गण्डकी प्रदेश विकासको आधारशिला तय गरेको थियो।

प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले समृद्धिका छब्बीस र सुखका बाह्र सूचक तय गरेको थियो। चार वर्षको उपलब्धि समीक्षा गर्दा समृद्धितर्फ दश तथा सुखतर्फ एक मात्र सूचकको लक्ष्य प्राप्त हुने, समृद्धितर्फ छवटा तथा सुखतर्फ एउटा सूचकको आंशिक लक्ष्य प्राप्त हुने र अन्य सूचकको हकमा लक्ष्य हासिल गर्न कठिन हुने अवस्था देखिएको छ। प्रदेशले निर्धारण गरेको दिगो विकास लक्ष्यसँग सम्बन्धित सूचकहरूको उपलब्धि भने तुलनात्मक रूपमा सन्तोषजनक देखिन्छ।

प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनको पहिलो आर्थिक वर्षमा नै कोभिड-१९ महामारीका कारण सिर्जित आर्थिक-सामाजिक सङ्कटबाट गण्डकी प्रदेश पनि भिन्न र पृथक रहन सकेन। जसका कारण प्रादेशिक अर्थतन्त्र शिथिल र सङ्कुचित हुन पुग्यो। साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा आएको उतारचढावको फलस्वरूप प्रादेशिक अर्थतन्त्र थप दबावमा परेको र यसबाट योजनाले निर्दिष्ट गरे बमोजिमका उपलब्धि हासिल हुने अवस्था देखिंदैन।

**समष्टिगत अवस्था**

मुलुकको कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ९.१ प्रतिशत रहेको छ। यस उपलब्धि सन्तोषजनक देखिए तापनि बाह्य तथा आन्तरिक संरचनागत समस्या समेतका कारण आर्थिक वृद्धिको लक्ष्य प्राप्त गर्न चुनौती देखिएको छ। यस समयावधिमा योजनाले १०.२ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेकोमा आर्थिक वृद्धिदर ४.२३ प्रतिशतमा सीमित हुने अवस्था देखिन्छ। योजनाको आधार वर्ष २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र (कृषि, वन, खानी तथा उत्खनन) को योगदान ३०.७ प्रतिशत, द्वितीय क्षेत्र (उद्योग, विद्युत्, ग्याँस, पानी र निर्माण) को योगदान १७.४ प्रतिशत र तृतीय क्षेत्र (सेवा) को योगदान ५१.९ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०७९/८० मा क्रमशः २६.२, १७.३ र ५६.६ प्रतिशत रहेको छ। विप्रेषण, सेवा तथा व्यापार र सरकारी खर्चले सेवा क्षेत्रको विस्तार गर्न सहयोग पुऱ्याएको छ। योजना

अवधिमा प्रतिव्यक्ति आय १९५६ अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिइएकोमा आर्थिक वर्ष २०७९/८० मा १४९९ अमेरिकी डलर पुगेको छ। यस प्रदेशमा गरिबीको रेखामुनी रहेको जनसङ्ख्या १४.९१ प्रतिशतबाट ७.४१ मा झार्ने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा ११.८ प्रतिशतमा पुगेको देखिन्छ जुन अन्य प्रदेशको तुलनामा सबैभन्दा न्यून हो। मानव विकास सूचकाङ्क ०.६५० पुऱ्याउने लक्ष्य भएकोमा २०७९/८० सम्ममा ०.६१८ पुगेको छ। सम्पत्तिमा आधारित जिनी गुणक आ.व. २०८०/८१ सम्ममा ०.२६ मा झार्ने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा ०.२९ मात्र पुगेको छ।

**सार्वजनिक वित्त**

विगत चार वर्षको अवस्था हेर्दा योजनाले निर्दिष्ट गरे बमोजिम राजस्व सङ्कलन र कुल गार्हस्थ्य उत्पादन तथा वार्षिक बजेटबीचको अनुपातको लक्ष्य प्राप्त गर्न कठिन देखिन्छ। वार्षिक विनियोजन बजेटमा कुल खर्च र पुँजीगत खर्चमा यथार्थ पुँजीगत खर्चको अंश कम रहेकाले योजनाले राखेको लक्ष्य पूरा हुन गाह्रो देखिन्छ। समग्रमा विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा थप सुधार गर्नुपर्ने देखिन्छ। वित्तीय हस्तान्तरण तर्फ प्रथम पञ्चवर्षीय योजनाले राखेको लक्ष्य प्राप्त हुने अवस्था कमजोर रहेको छ। स्थानीय तहको कुल खर्चमा पुँजीगत खर्चको अंश योजनाले तय गरेको लक्ष्य अनुसार हासिल हुन सक्ने देखिंदैन। योजनाले निर्दिष्ट गरे बमोजिम आन्तरिक ऋण परिचालनको लागि आवश्यक नीतिगत तथा कानुनी संरचना तयार हुन सकेको छैन।

**कृषि उत्पादन**

खाद्यान्न बालीमा आत्मनिर्भरताको लागि प्रथम पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा प्रति व्यक्ति खाद्यान्न उत्पादन ४०० के.जी. पुऱ्याउने लक्ष्य रहेकोमा सो अवधिको अन्त्यसम्ममा प्रति व्यक्ति खाद्यान्न उत्पादन ३८१ के.जी. पुगेको र प्रति व्यक्ति प्रति वर्ष उपभोग्य खाद्यान्नको न्यूनतम आवश्यकता २०१ के.जी. रहेकोमा १९०.८ के.जी. पुगी आत्मनिर्भरोन्मुख रहेको छ। त्यसैगरी तरकारी तथा आलुको प्रतिव्यक्ति प्रति वर्ष न्यूनतम आवश्यकता क्रमशः ९१ के.जी. र २९ के.जी. रहेकोमा उपलब्धता क्रमशः १०८.६५ के.जी. र १०७.८६ के.जी. पुगी आत्मनिर्भर भई निर्यातोन्मुख अवस्थामा रहेको छ।यसका साथै फलफूलको प्रति व्यक्ति प्रति वर्ष न्यूनतम आवश्यकता ३६.५ के.जी. रहेकोमा उपलब्धता ३३.४४ के.जी. रहेकोले आत्मनिर्भरोन्मुख रहेकोछ। हाल प्रदेशमा फलफूलबाली उत्पादन प्रवर्द्धन सम्बन्धी विशेष कार्यक्रम सञ्चालनमा रहेकाले निकट वर्षमा गण्डकी प्रदेश फलफूलमा आत्मनिर्भर हुने अवस्था देखिन्छ। साथै विगतमा रासायनिक मलको आपूर्ति तथा उपलब्धतामा भएको समस्या हल हुँदै गएकोले कृषि उत्पादनमा थप वृद्धि हुने अपेक्षा गरिएको छ।

पशुजन्य उत्पादनको अवस्था हेर्दा आ.व. २०७९/८० मा दूध उत्पादन २,६४,८४९ मे.टन; मासु उत्पादन ५६,९८७ मे.टन; अण्डा उत्पादन २४.५० करोड गोटा र माछा उत्पादन १,६३८ मे.टन

रहेको छ। यसरी हेर्दा प्रति व्यक्ति वार्षिक १०७.३ लिटर दूध, २३ के.जि. मासु, ९९ गोटा अण्डा र ०.६६ के.जि. माछा उपलब्ध रहेको देखिन्छ। पशुपन्छी तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर हुने लक्ष्यअनुरूप गण्डकी प्रदेशमा दूध, अण्डा र मासुको उत्पादनमा वृद्धि भई आत्मनिर्भर भएको छ। पशु नश्ल सुधार, पशुमा लाग्ने माहामारीजन्य रोगका विरुद्ध पूर्ण खोप कार्यक्रम, पशु आहार प्रवर्द्धन सम्बन्धी कार्यक्रमको विस्तार गर्दै गएकाले आगामी वर्षमा पशुजन्य उत्पादनमा थप वृद्धि हुने अपेक्षा गरिएको छ।

**औद्योगिक उत्पादन**

प्रदेशको औद्योगिक उत्पादनमा वार्षिक औसत वृद्धिदर १३.३ प्रतिशत हासिल गर्ने योजनाको लक्ष्य रहेकोमा योजनाको पहिलो तीन वर्षको औसत वृद्धिदर ०.२ प्रतिशत मात्र भएकाले योजनाको लक्ष्य पूरा नहुने देखिएको छ। औद्योगिक पूर्वाधार विकास गर्ने क्रममा योजनाले मूलतः औद्योगिक क्षेत्रको स्थापनामा जोड दिएको छ तर स्थानीय तहमा औद्योगिकग्राम स्थापना गर्ने र पुँडीटार तथा लोकाहा खोलामा प्रदेशस्तरीय औद्योगिक क्षेत्र स्थापना गर्ने काम अगाडि बढेपनि अरु आयोजनाले गति लिन सकेको अवस्था छैन।

**पर्यटन विकास**

पर्यटनतर्फ पदमार्गको स्तरोन्नति तथा विकास कार्यमा योजनाले तोकेको लक्ष्यमा ९६ प्रतिशत उपलब्धि हासिल भएको देखिन्छ भने होटल र घरबासको सङ्ख्या भने लक्ष्यअनुसार वृद्धि भएको अवस्था छैन। पर्यटन विकासको नतिजालाई दर्शाउने पर्यटनको बसाइँ अवधि र पर्यटनको औसत खर्च जस्ता सूचकहरू योजनामा समावेश भएको देखिंदैन। पर्यटकीय गन्तव्यका सम्बन्धमा पनि नयाँ गन्तव्यको पहिचान तथा विकास गर्नुपर्ने देखिन्छ। प्रथम योजना अवधिमा पर्यटक आगमनको सङ्ख्या दोब्बर हुने प्रक्षेपण गरिएकोमा विश्वसनीय तथ्याङ्क अभावका कारण उपलब्धि मापन गर्न सकिएको छैन। प्रथम पञ्चवर्षीय योजनाको पहिलो ३ वर्षमा होटल तथा रेस्टुरेण्टको मूल्य अभिवृद्धि वार्षिक औसत ५.१ प्रतिशत ऋणात्मक देखिएको भएपनि पछिल्लो आर्थिक वर्षमा सुधार हुँदै गएको छ।

**शिक्षा तथा मानव संसाधन**

गण्डकी प्रदेशको १५ देखि ६० वर्ष उमेर समूहको औसत साक्षरता दर ९६.५७ प्रतिशत रहेको छ भने राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशको ६ वर्ष माथिको साक्षरता दर ८१.७ प्रतिशत रहेको छ। प्रदेशमा स्वास्थ्य, सडक, ऊर्जा, जलस्रोत, खानेपानी, सरसफाइ, वन, कृषि र वातावरण व्यवस्थापन जस्ता प्राविधिक क्षेत्रमा दक्ष जनशक्तिको कमी रहेको छ। साथै गण्डकी प्रदेशमा प्राविधिक धारमा विद्यार्थी सङ्ख्या समेत अपेक्षाकृत वृद्धि गर्न सकिएको छैन। यसले उत्पादित जनशक्ति र बजार मागबीच तालमेल हुन सकेको देखिंदैन। सामुदायिक विद्यालयमा तालिम प्राप्त विषयगत शिक्षक,

पूर्वाधार र शैक्षिक सामाग्रीको कमी रहेको छ। माध्यमिक शिक्षामा छात्रको तुलनामा छात्राको भर्नादर बढी देखिए तापनि उच्च शिक्षामा सो दर घट्दै गएको देखिन्छ। हरेक तहमा खुद भर्नादरमा सुधार आए तापनि आधारभूत तहको तुलनामा माध्यमिक तहमा कम र कक्षा ११-१२ को खुद भर्नादर ज्यादै न्यून रहेको छ। महिला र पुरुषबीचको साक्षरता दरमा समानता कायम हुन सकेको छैन। आधारभूत तहमा खुद भर्नादर वृद्धि भएपनि उच्च शिक्षामा लैङ्गिक समानतामा सुधार हुन सकेको छैन। उच्च शिक्षामा अध्ययन निरन्तरता, सैद्धान्तिक शिक्षा प्रणाली, खोज तथा अनुसन्धान र योग्य शिक्षकको व्यवस्थापन गर्नु अझै चुनौतीपूर्ण रहेको छ। आवधिक योजनाले लिएका रणनीति अनुरूप प्राविधिक धारमा जनशक्ति उत्पादन कार्य विश्वविद्यालय, अध्ययन प्रतिष्ठान र तालिम केन्द्रबाट कार्यान्वयन हुँदै आएका छन्।

**स्वास्थ्य तथा पोषण**

प्रथम पञ्चवर्षीय योजनाले परम्परागत र आधुनिक स्वास्थ्य प्रणालीमा जोड दिई प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनःस्थापनात्मक सेवा प्रदान गर्ने लक्ष्य लिएको छ। प्रदेशमा सामाजिक सूचकतर्फ पाँच वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा २२ जनामा झार्ने लक्ष्य रहेकोमा मध्यावधि समीक्षा अवधिमा २३ जना पुगेको छ। योजना अवधिमा ३० मिनेटको दुरीमा स्वास्थ्य सेवाको पहुँच भएको जनसङ्ख्या ७७ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा आ.व २०७९/८० सम्ममा सो लक्ष्य हासिल भइसकेको छ। योजनाले खोपमा प्रदेशबासीको पहुँच शत प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा मध्यावधि समीक्षा अवधिमा सो पहुँच ९० प्रतिशत पुगेको छ। यसैगरी ६ महिनासम्म शिशुलाई पूर्ण स्तनपान गराउने महिलाको प्रतिशत घट्दो दरमा रहेको छ। यसका साथै योजनाले संस्थागत सुत्केरी दर ५७.४ बाट ८८ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा आ.व. २०८०/८१ को अन्त्यसम्ममा ७१ प्रतिशत पुगेको देखिन्छ।

**खानेपानी तथा सरसफाइ**

प्रथम पञ्चवर्षीय योजनाको आधार वर्षमा ९१.७ प्रतिशत जनसङ्ख्या खानेपानीको सुविधाबाट लाभान्वित रहेको र आवधिक योजनामा शत प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०७९/८० सम्ममा ९४.२५ प्रतिशत पुगेको छ। प्रदेश अन्तर्गतका सबै जिल्ला वि.सं. २०७४ सालमा खुल्ला दिसामुक्त क्षेत्र घोषणा भइसकेको अवस्थामा प्रथम पञ्चवर्षीय योजना अवधिमा आधारभूत सरसफाइ शत प्रतिशत र मध्यमदेखि उच्च गुणस्तरको सरसफाइ सुविधा ३० प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा यो लक्ष्य पूरा हुने अवस्था देखिंदैन। फोहोरमैला व्यवस्थापन र सरसफाइ सुविधालाई बालमैत्री, महिलामैत्री, अपाङ्गमैत्री बनाइ समावेशी पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको भए तापनि सोअनुसार प्रगति हासिल हुन सकेको छैन।

## विद्युत, स्वच्छ ऊर्जा तथा पूर्वाधार

प्रथम पञ्चवर्षीय योजनाले प्रदेशमा विद्युत्मा पहुँच प्राप्त जनसङ्ख्या ९०.७ प्रतिशतबाट शत प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०७९/८० सम्ममा ९९.५० प्रतिशत पुगेको छ। योजनाले परिलक्षित गरेका अन्य सामाजिक सूचकहरूको लक्ष्य प्राप्ति मिश्रित देखिएको छ। यसैगरी इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या योजनाले ५५.४ प्रतिशत बाट ८० प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०७९/८० सम्ममा ७७.८ प्रतिशत पुगेको छ। सडक तथा यातायात पूर्वाधारका क्षेत्रमा प्रदेश गौरवका आयोजना, पहुँचमार्ग, आर्थिक करिडोर निर्माण तथा स्तरोन्नतिमा निरन्तर कार्यप्रगति भए तापनि थप प्रयास जरुरी देखिन्छ। यसर्थ सुखद देखिएका उपलब्धिलाई टिकाउने, सन्तोषजनक देखिएका लक्ष्यमा थप लगानी गर्ने र कमजोर सूचकमा प्रदेशले हस्तक्षेप गर्ने नीति अख्तियार गर्न जरुरी छ। भौतिक पूर्वाधारतर्फ विद्युत् सेवा र इन्टरनेट सेवामा प्रदेशबासीको पहुँच बढाउने योजनाको लक्ष्य पूरा हुने देखिन्छ भने सडक निर्माण र जलविद्युत् उत्पादनको लक्ष्य भने हासिल हुने देखिंदैन। मूलतः कोभिड-१९ को कारण निर्माण कार्यमा ढिलाइ, जग्गा प्राप्ति, वातावरणीय अध्ययन, विद्युत्का खम्बाको स्थानान्तरण जस्ता कार्य समयमै हुन नसक्दा पनि पूर्वाधार निर्माणको कार्यमा ढिलाइ भएको अवस्था छ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको महिला साक्षरता दर ६९.४ प्रतिशत रहेकोमा गण्डकी प्रदेशमा ७५.३ प्रतिशत रहेको छ। महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुवैमा स्वामित्व भएको घरपरिवार अनुपात ३०.६ प्रतिशत पुऱ्याउने प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य लिएकोमा सो अनुपात २८.३ प्रतिशत पुगेको छ। योजनाले प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात आर्थिक वर्ष २०८०/८१ सम्ममा ७० प्रतिशत पुऱ्याउने उल्लेख गरिएकोमा आ.व. २०७९/८० मा सो अनुपात ५९ प्रतिशत पुगेको छ।

## समष्टिगत उपलब्धि

प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य र पछिल्लो प्रगतिको अवस्थालाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र.सं. | सूचक | एकाइ | प्रथम पञ्चवर्षीय योजना | | | |
|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ को स्थिति | २०८०/८१ को लक्ष्य | २०७९/८० सम्मको उपलब्धि | २०८०/८१ सम्म को अनुमानित उपलब्धि |
| १ | वार्षिकआर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ७.१ | १०.२ | ३.६९ | ४.२३ |
| २ | गरिबीको दर | प्रतिशत | १४.२० | ७.३० | ११.८८ | ११.०० |

| क्र.सं. | सूचक | एकाइ | प्रथम पञ्चवर्षीय योजना | | | |
|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ को स्थिति | २०८०/८१ को लक्ष्य | २०७९/८० सम्मको उपलब्धि | २०८०/८१ सम्म को अनुमानित उपलब्धि |
| ३ | कुलगार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | रु.करोडमा | २९६३२ | ४६८७९ | ४२९१८ | ४५७६६ |
| ४ | प्रतिव्यक्तिआय (अमेरिकी डलर) | डलर | १०४३ | १९५६ | १४९९ | १५९६ |
| ५ | कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान | प्रतिशत | ८.३ | ८.३१ | ८.९० | ९.१० |
| ६ | बहुआयामिक गरिबी मा रहेको जनसङ्ख्या | प्रतिशत | १४.२ | ७.३ | ९.६ | ९.५ |
| ७ | मानव विकास सूचकाङ्क (HDR2020) | सूचकाङ्क | ०.५९ | ०.६५ | ०.६१८ | ०.६१८ |
| ८ | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | ४४८.५ | १५०० | ७३३ | ९०० |
| ९ | आधारभूत खानेपानी सुविधा प्राप्त जनसङ्ख्या | प्रतिशत | ९१.१ | १०० | ९४.२५ | ९५ |
| १० | स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ७.० | ६४.० | २७.४२ | ३०.६ |
| ११ | स्वास्थ्य संस्थामा प्रसूति सेवा लिने महिला | प्रतिशत | ६८.३ | ७५.० | ८७.७ | ८७.७ |
| १२ | साक्षरता दर (१५ वर्षमाथि) | प्रतिशत | ५५.६ | ९९.५ | ७१.५८ | ७१.५८ |
| १३ | आधारभूत तह (१—८) मा खुद भर्नादर | प्रतिशत | ९४.८ | ९९ | ९५.७ | ९५.७ |
| १४ | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान र रोजगारदाताको सङ्ख्या | हजार | १७ | ६६ | ३५ | ३५ |
| १५ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | सङ्ख्या | २३९ | १५ | १६१ | १५० |
| १६ | श्रमशक्ति सहभागिता दर (१५ वर्षमाथि) | प्रतिशत | ३५.७ | ५० | ४०.३ | ४१.५ |
| १७ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३९.९ | ५५ | ४४ | ४४.१ |
| १८ | कुल गार्हस्थ्य उत्पादनको संरचना | | | | | |
| १८.१ | प्राथमिक क्षेत्र | प्रतिशत | ३०.७ | २३.७ | २६.२ | २६.४ |
| १८.२ | द्वितीय क्षेत्र | प्रतिशत | १७.४ | २२.४ | १७.३ | १६.८ |
| १८.३ | तृतीय क्षेत्र | प्रतिशत | ५१.९ | ५३.९ | ५६.६ | ५६.८ |

*स्रोतः गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना*

# गण्डकी प्रदेश सभा सचिवालय

## १) सभाको पहिलो कार्यकाल (२०७४-२०७९):-

- नेपाल सरकारको निर्णय अनुसार निर्वाचन आयोगबाट प्रदेश सभाको निर्वाचन मिति २०७४ साल मंसिर १० र २१ गते २ चरणमा सम्पन्न भएको थियो।
- निर्वाचित माननीय सदस्यहरू मध्ये ज्येष्ठ सदस्य श्री जनकलाल श्रेष्ठले मिति २०७४ साल माघ ७ गते माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवर समक्ष सपथ ग्रहण गर्नुभएको र सोही मितिमा बाँकी माननीय सदस्यहरूले सपथ ग्रहण गर्नु भएको थियो।
- २०७४/१०/२२ गते गण्डकी प्रदेश सभाको पहिलो अधिवेशन सुरु भएको थियो।

### ख. बिषयगत समितिका सभापति र गठन/पुनर्गठन मिति सहितको विवरण)

| सि.नं | समितिको नाम | गठन भएको मिति | सभापतिको नाम | पुनर्गठन भएको मिति |
|---|---|---|---|---|
| १ | विधायन समिति | २०७४/११/२७ | मा. मोहन प्रसाद रेग्मी<br>मा. विष्णु प्रसाद लामिछाने | २०७८/०५/३१ |
| २ | सार्वजनिक लेखा समिति | २०७४/१२/०६ | मा. कुमार खड्का<br>मा. रोशन बहादुर गाहा थापा | २०७८/०५/३१ |
| ३ | प्रदेश मामिला समिति | २०७४/१२/०६ | मा. कृष्ण थापा<br>मा. खिम विक्रम शाही | २०७८/०४/०५ |
| ४ | अर्थ तथा विकास समिति | २०७४/१२/०६ | मा. दीपक कोइराला | २०७८/०५/३१ |

### ग. बिषयगत समिति सम्बन्धी विवरण:-

| सि.नं. | समितिको नाम | कार्य प्रारम्भ भएको मिति | अन्तिम बैठक बसेको मिति | जम्मा बैठक संख्या |
|---|---|---|---|---|
| १ | विधायन समिति | २०७४/११/२७ | २०७९/०४/२४ | १५८ |
| २ | सार्वजनिक लेखा समिति | २०७५/०१/१४ | २०७९/०४/२४ | ४९ |
| ३ | प्रदेश मामिला समिति | २०७५/०१/१४ | २०७९/०२/१४ | ३७ |
| ४ | अर्थ तथा विकास समिति | २०७५/०१/१४ | २०७९/०४/२४ | ५० |

गण्डकी प्रदेश सभाको पहिलो कार्यकालको दशौं अधिवेशन मिति २०७९ भाद्र ८ गते अन्त्य भएको।

जम्मा सभा सञ्चालन भएको दिन:- २४०

जम्मा बैठक संख्या:- ३०१

जम्मा बैठक सञ्चालन भएको अवधि:- ३८१ घण्टा ३४ मिनेट।

## २) विधेयकहरूको अवस्था :-

| अधिवेशन | अधिवेशन अवधि | विधेयक | | | |
|---|---|---|---|---|---|
| | | दर्ता | पारित | प्रमाणित | प्रमाणिकरण |
| पहिलो | २०७४/१०/२२ - २०७५/०१/२४ | ९ | ७ | ७ | ७ |
| दोस्रो | २०७५/०२/१६ - २०७५/०६/०८ | १३ | १२ | १२ | १२ |
| तेस्रो | २०७५/०९/२३ - २०७६/०१/०८ | ५ | ६ | ६ | ६ |
| चौथो | २०७६/०२/१५ - २०७६/०६/२६ | ६ | ६ | ६ | ६ |
| पाँचौ | २०७६/०९/२३ - २०७७/०१/२३ | ७ | १ | १ | १ |
| छैटौं | २०७७/०२/११ - २०७७/०६/२६ | ७ | १४ | १४ | १४ |
| विशेष | २०७७/०९/२१ - २०७७/१०/०६ | - | - | - | - |
| सातौं | २०७७/१२/२५ - २०७८/०१/०१ | ३ | - | - | - |
| विशेष | २०७८/०१/१३ - २०७८/०१/२७ | - | - | - | - |
| आठौं | २०७८/०२/१६ - २०७८/०६/०५ | ४ | ४ | ४ | ४ |
| नवौं | २०७८/११/२६ - २०७८/१२/२५ | ५ | ४ | ४ | ४ |
| दशौं | २०७९/०२/११ - २०७९/०५/०८ | ३ | ५ | ५ | ५ |
| जम्मा | | ६२ | ५९ | ५९ | ५९ |

- जम्मा दर्ता विधेयकः- ६२ वटा, पारित/प्रमाणित विधेयक ५९ वटा।
- कुल दर्ता विधेयक ६२ मध्ये विधायन समितिमा विचाराधिन रहेका ३ वटा विधेयक पहिलो निर्वाचित प्रदेश सभाको कार्यकाल समाप्ति सँगै निष्क्रिय भएका।

## ३) पहिलो प्रदेश सभा र सचिवालयका उपलब्धि

- ५९ वटा प्रदेश कानूहरू निर्माण भएका।
- सभा र सचिवालयको लागि आवश्यक भौतिक पूर्वाधारको आधारभूत प्रबन्ध भएको।
- प्रदेश सरकारको पाँच वर्षको नीति तथा कार्यक्रम र बजेट पारित भई कार्यान्वयन भएको।
- प्रदेश सरकारको संबैधानिक अधिकार प्रचलन गर्नको आवश्यक कानून निर्माण भई कार्यान्वयन भइरहेको।
- सचिवालयको कार्य समयसापेक्ष रूपमा अगाडि बढाउन विद्युतीय माध्यमबाट कार्य सम्पादन भइरहेको।

- प्रदेशको नामाकरण तथा राजधानीको विषयमा प्रदेश सभाबाट सर्वसम्मत रूपमा निर्णय भएको
- संसदीय निगरानी सम्बन्धमा आवश्यक कार्य भएको।
- प्रदेश सभाका कार्यलाई पारदर्शी बनाउन युटुवको माध्यमबाट प्रत्यक्ष प्रसारण गर्ने गरिएको
- प्रदेश सभाका बैठक भित्रका सबै गतिविधिलाई लिपिबद्ध गर्ने कार्य (VERBATIM) गरिएको।

## ४) सभाको दोस्रो कार्यकाल (२०७९-हालसम्म):-

- नेपाल सरकारको निर्णय अनुसार निर्वाचन आयोग बाट नेपालमा प्रदेश सभाको निर्वाचन मिति २०७९ साल मंशिर ४ गते सम्पन्न भएको थियो। जसअनुसार गण्डकी प्रदेश सभाको दोस्रो कार्यकाल २०७९।०९।१८ देखि प्रारम्भ भएको छ।
- २ वटा अध्यादेश स्वीकृत भएका,११ वटा प्रदेश विधेयक र १ वटा नियमावली पारित भएका छन्।
- प्रतिनिधि सभाका सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, प्रतिनिधि सभाका माननीय उपसभामुख, राष्ट्रिय सभाका माननीय उपाध्यक्ष, सबै प्रदेश सभाका माननीय सभामुख तथा उपसभामुख, संघीय संसदका महासचिव, राष्ट्रिय सभा सचिव, संघीय संसद सचिवालयका सचिव र सबै प्रदेश सभाका सचिवको सहभागितामा मिति २०८१।०९।०१ देखि ०३ सम्म अन्तर व्यवस्थापिका सम्मेलन सम्पन्न गरिएको। उक्त सम्मेलनबाट ७ बुँदे पोखरा घोषणापत्र जारी भएको छ।
- प्रदेश सभाका कार्यलाई पारदर्शी बनाउन युटुवको माध्यमबाट प्रत्यक्ष प्रसारण गर्ने गरिएको छ।
- प्रदेश सभाको बैठक भित्रका सबै गतिविधीहरुलाई लिपिबद्ध गर्ने कार्य (VERBATIM) गरिएको छ।
- सदनका फोटो, भिडियो तथा अन्य डकुमेन्टहरु माननीय समक्ष पुऱ्याउन PAG Cloud संचालनमा ल्याईएको छ। यसबाट high quality फोटो तथा भिडियो माननीयहरुको हातहातमा तत्कालै पुऱ्याउन सम्भव भएको छ।

# प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश

## १. कार्यसम्पादनका प्रमुख उपलब्धि

### १.१ पाठ्यक्रम निर्माण र परिमार्जन

प्रदेश तथा स्थानीय सेवाका विभिन्न सेवा समुहका तेस्रो तहदेखि एघारौं तहसम्मका १०७ र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका ७ गरी कूल ११४ वटा पाठ्यक्रम विकास गरिएको छ।

### १.२ विज्ञापन र दरखास्तको अवस्था

तालिका १ माग, बिज्ञापन र दरखास्तको विवरण

| आ.व. | माग सङ्ख्या | विज्ञापित पद सङ्ख्या | | दरखास्त |
|---|---|---|---|---|
| | | बढुवा | प्रतिस्पर्धात्मक परीक्षा | |
| आ.व. २०७८ / ०७९ | १५८८ | १८२ | १४०६ | १८१२२२ |
| आ.व. २०७९/ ०८० | १५६ | ९ | १४७ | १३५९० |
| आ व २०८०/ ०८१ | १९९४ | ४९४ | १४९२ | १२७७०१ |
| चालु आव. को पौष मसान्तसम्म | ७७९ | १६५ | ६०४ | ५७१९८ |
| जम्मा | ४५१७ | ८५० | ३६४९ | ३७९७११ |

तालिका २ तहगत विज्ञापन र दरखास्तको विवरण

| तह | विज्ञापित पद सङ्ख्या | | | | दरखास्त | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.व .२०७८/०७९ | आ.व .२०७९/०८० | आ.व२०८०/०८१ | चालु आव. को माघ ९ सम्म | आ.व .२०७८/०७९ | आ.व .२०७९/०८० | आव२०८०/०८१ | लुआ.वकार्तिकमसान्तस म्म |
| एघारौ | ० | ७ | ० | ६ | ० | ५० | ० | ० |
| नवौं | २५ | ४० | ३२ | ४० | ११५ | २३७ | ४०५ | १५९ |
| आठौं | १३ | ० | २२ | ११ | १०८३ | ० | ४७३ | ३४३ |
| सातौं | १९ | ० | २३२ | १३२ | १६४८ | ० | ११११ | ६४६० |
| पाँचौं | ३६३ | ० | ५८१ | २४३ | ५८५१४ | ० | ५१६५४ | २६३९५ |
| चौथो | ९८६ | ० | ६२५ | २५१ | ११९८६२ | ४ | ६४०५८ | २३८४१ |
| तेस्रो | ० | १०० | | ८६ | ० | १३३०१ | ० | ० |
| जम्मा | १४०६ | १४७ | १४९२ | ७६९ | १८१२२२ | १३५९२ | १२७७०१ | ५७१९८ |

## १.३ सिफारिसको विवरण

तालिका ३ तहगत सिफारिसको विवरण

| तह | आ. व. २०७७/७८ | आ. व. २०७८/७९ | आ. व. २०७९/८० | आ. व. २०८०/८१ | कुल सिफारिस |
|---|---|---|---|---|---|
| एघारौं | ० | ५ | ० | ० | ५ |
| नवौं | ० | २९ | १९ | ० | ४८ |
| आठौं | ११ | ० | २२ | ० | ३३ |
| सातौं | ० | १९ | २०७ | ० | २२६ |
| पाँचौं | २७३ | ८९ | ० | ५७४ | ९३६ |
| चौथो | ९०० | ७५ | १ | ६०९ | १५८५ |
| तेस्रो | ० | ० | १०० | ० | १०० |
| जम्मा | ११८४ | २१७ | ३४९ | ११८३ | २९३३ |

## १.४ प्रदेश र स्थानीय तहमा सिफारिस

आयोगले प्रदेशतर्फ ५३६ र स्थानीयतर्फ २३९७ गरी जम्मा २९३३ उम्मेदवारलाई सिफारिस गरेको छ । सिफारिस गरिएका उम्मेदवारमध्ये ११८१ जना महिला र १७५२ जना पुरुष रहेका छन् ।

तालिका ४ प्रदेश र स्थानीय तहमा सिफारिसको अवस्था

| तह | प्रदेश | | | स्थानीय | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| एघारौ | १ | ४ | ५ | ० | ० | ० |
| नवौ | १२ | ३३ | ४५ | | ३ | ३ |
| आठौं | ३ | ११ | १४ | ४ | १५ | १९ |
| सातौ | ३८ | ७७ | ११५ | २७ | ८४ | १११ |
| पाँचौ | ६८ | ९६ | १६४ | २५५ | ५१७ | ७७२ |
| चौथो | ३५ | ५८ | ९३ | ६६८ | ८२४ | १४९२ |
| तेस्रो | १८ | ८२ | १०० | ० | ० | ० |
| जम्मा | ११८४ | २१७ | ३४९ | ११८३ | २९३३ | जम्मा |

## २. उजुरी, परामर्श र प्रतिरक्षा

आयोगमा परेका बढुवाका उजुरीउपर निर्णय, सरकारका कानून निर्माणमा परामर्श तथा आयोग उपर परेका मुद्दाको प्रतिरक्षाको कार्य गर्दै आइरहेको छ।

## ३. अन्य कार्यक्रम

आयोगले वार्षिक कार्यक्रमका रूपमा देहायका कार्य गर्दै आइरहेको छ।

- स्थानीय तहका पदाधिकारी र प्रदेशका कार्यालय प्रमुखहरू सँग अन्तरक्रिया,
- परीक्षामा संलग्न हुने जनशक्तिको अभिमुखीकरण
- उच्च शिक्षामा अध्ययनरत विद्यार्थीलाई अभिमुखीकरण,
- सिफारिस भएका उम्मेदवारहरूको अभिमुखीकरण
- प्रदेश तथा स्थानीय तहका कार्यालयहरूमा अनुगमन र निरीक्षण,
- वार्षिक स्मारिका प्रकाशन।
- वार्षिक प्रतिवेदन पेश।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**समन्वय, सहकार्य र साझेदारी**

- राष्ट्रिय समन्वय परिषद र अन्तरप्रदेश मुख्यमन्त्रीको पहिलो बैठक पोखरामा सम्पन्न भई प्रहरी समायोजन, जग्गा प्राप्ति, तीनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्र, वित्तीय समानीकरण अनुदानको बजेट वृद्धि लगायतका विषयहरूमा साझा धारणा प्रस्तुत गरिएको छ।
- चालु आ.व. सम्म मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमबाट ३९ वटा स्थानीय तहसँग साझेदारी गरिएको छ। नवप्रवर्तन क्षेत्रमा सञ्चालित परियोजना कार्यान्वयन गर्न स्थानीय तहसँग अन्तरक्रिया र स्थलगत अनुगमन गरी पृष्ठपोषणको साझा अभ्यास सुरु गरिएको छ। कार्यक्रमले सेवाप्रवाह, सुशासन र स्थानीय आर्थिक विकाससंग सम्बन्धित क्षेत्रका नवप्रवर्तनात्मक (innovative) गतिविधि मार्फत स्थानीय तह र प्रदेश बीच सम्बन्ध स्थापित गरेको छ। नवप्रवर्तन कार्यक्रम र कोषको कार्यान्वयनबाट स्थानीय तहलाई नवप्रवर्तनीय कार्यक्रमहरू सञ्चालन गर्न प्रेरित गरेको छ।
- संघीयता कार्यान्वयनका सन्दर्भमा प्रदेश समन्वय परिषद्को आठौं बैठकले प्रदेश र स्थानीय तहका साझा समस्या र चुनौतीहरू पहिचान गर्दै संघीय सरकारको ध्यानाकर्षण गरेको छ। प्रदेश दिगो विकास निर्देशक समितिको बैठक बसी दिगो विकासका कार्यसूचीलाई स्थानीयकरण गर्न निकायगत जिम्मेवारी प्रदान गरिएकोमा उपलब्धि एवं कार्यप्रगतिको प्रतिवेदन लिने प्रणाली स्थापित गरिएको छ।

**शासकीय सुधार र सुशासन**

- पर्यटन र कृषि, शिक्षा र स्वास्थ्य, उद्यम र पूर्वाधारमा गण्डकीको सम्भावनाको उच्चतम प्रयोग गर्न, पूर्ण सम्भावनाको खोजी र उपयोग, नीति निर्माण र कार्यान्वयन पूर्वाधार विकास र पर्यटन अभ्यास तथा लगानी र रोजगारी प्रवर्द्धनमा जोड दिन गण्डकी प्रदेश सरकार र कान्तिपुर मिडिया ग्रुपसँगको सहकार्यमा **"गन्तव्य गण्डकी"** कार्यक्रम सम्पन्न भएको छ।
- संयुक्त राष्ट्रसंघका महासचिव महामहिम एन्टोनियो गुटेरेसको गण्डकी प्रदेशमा भ्रमण भई जलवायु परिवर्तनमा नेपालले भोग्नुपरेको समस्याका बारेमा विश्व मञ्चको ध्यानाकर्षण गरेको छ र उक्त भ्रमणका लागि गण्डकी प्रदेशद्वारा सहजीकरण र समन्वय गरिएको छ।
- माननीय मुख्यमन्त्री र चिनियाँ कम्युनिष्ट पार्टी (सिपीसी) तिब्बत स्वायत्त क्षेत्रका सेक्रेटरी वाङ छुङछेङबीच द्विपक्षीय हित र चासो सम्बन्धमा छलफल सम्पन्न भएको छ।
- माननीय मुख्यमन्त्रीसँग विभिन्न देशका महामहिम राजदूत, विदेशी नियोगका निर्देशक, प्रतिनिधिको शिष्टाचार भेटघाटमा यस प्रदेशका सम्भावना एवम् आपसी सहयोगका विषयमा छलफल भएको छ।

- गण्डकी प्रदेशका मन्त्रालयहरूको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण स्वमूल्याङ्कन अनुसार सबै मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) सम्पन्न गरिएको छ। GESI निर्देशक समितिको बैठक नियमित रूपमा हुने गरेको छ। प्रदेश अन्तर्गतका १० वटा निकायका GESI अडिट गरिएको छ।
- गण्डकी प्रदेश सरकारले नागरिकको अभिमत बुझ्न, देख्न र सुन्न सार्वजनिक सुनुवाइ कार्यक्रमलाई दिइएको छ।
- शासकीय प्रणाली र सेवा प्रवाहमा बालबालिका सवालहरूलाई सम्बोधन गर्न बालअधिकारका न्यूनतम सूचक हासिल गरेका गल्कोट र बाग्लुङ नगरपालिका, बाग्लुङलाई बालमैत्री स्थानीय तह घोषणाका लागि स्वीकृति प्रदान गरिएको छ।

**नीति तथा कानुन निर्माण**

- प्रदेश निजामती सेवा ऐन, २०७९, प्रदेश निजामती सेवा नियमाली, २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र गण्डकी प्रदेश स्थानीय सेवा नियमावली, २०७९ बमोजिम प्रदेश एवं स्थानीय तहका कर्मचारीको पदपूर्ति, वृत्तिविकास, स्तरवृद्धि, सरुवा, बढुवा जस्ता गतिविधि सञ्चालन गरी निजामती कर्मचारीको उत्प्रेरणा र मनोबललाई उच्च तुल्याई नागरिकको सेवा प्राप्त गर्ने अधिकारलाई समेत कर्मचारी व्यवस्थापन मार्फत सुदृढ तुल्याइएको छ।
- प्रदेशसरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची -२ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था रहेको छ, जसको विवरण निम्नानुसार छः-

| **वर्ष** | **बैठक सञ्चालन पटक** | **निर्णय संख्या** |
|---|---|---|
| २०७५ | ४७ | ३२८ |
| २०७६ | ३९ | २४८ |
| २०७७ | ३४ | १७६ |
| २०७८ | ३८ | १७४ |
| २०७९ | ५२ | १५८ |
| २०८० | ३४ | १०० |
| २०८१ (पुष मसान्तसम्म) | २८ | ९६ |

- गण्डकी प्रदेश सरकारले विभिन्न ७२ वटा ऐन र २५ वटा नियमावली निर्माण गरी कानूनमा सर्वसाधारणको पहुँचवृद्धिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वेबसाइटमा अद्यावधिक गरी प्रकाशन गरिएको छ। नेपालको संविधानको एकल अधिकार अनुसूची बमोजिम गण्डकी प्रदेशमा निर्माण गर्नुपर्ने ऐन र सो अनुसारका नियमावलीहरू पहिचान तथा अध्ययन गरिएको छ।

- डिजिटल गण्डकी प्रदेशको अवधारणा स्वीकृत गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन Data Digitization, Online Monitoring System, Web Portal को निर्माण गरिएको छ।
- गण्डकी प्रदेश स्थापना भएदेखिका नीति तथा कार्यक्रमहरूको हालसम्मको प्रभावकारितालाई स्वतन्त्र मूल्याङ्कन गरिएको छ।
- मानवअधिकार पाँचौं राष्ट्रिय कार्ययोजना प्रदेश समन्वय समितिको बैठकले राष्ट्रिय मानव अधिकार कार्ययोजनामा उल्लेखित सूचकहरूको अध्ययन विश्लेषण गरी कार्य प्रगतिको समीक्षा गरेको छ। यसका अतिरिक्त मानवअधिकार सम्बन्धी अभिमुखीकरण तथा कार्य योजना सम्बन्धमा स्थानीय तहहरूलाई सुसूचित गराउने कार्य प्रारम्भ गरिएको छ।
- स्थानीय तहमा न्यायिक समितिको काम कारवाहीमा सहजीकरण गर्न तथा स्थानीय तहको दैनिक प्रशासनिक कार्यमा कानूनी दृष्टिकोणबाट सहयोग पुऱ्याउने उद्देश्यले गण्डकी प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा स्थानीय तहमा न्यायिक सहजकर्ताको व्यवस्था गरिएको छ। यस अन्तर्गत ६५ वटा स्थानीय तहमा सेवा करार सम्झौता गरी न्यायिक सहजकर्ता पठाइएको छ।
- वैयक्तिक सूचना प्रणालीमा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका १६५ जना प्रदेश निजामती सेवाका कर्मचारीलाई कर्मचारी संकेत नं. (सिटरोल नं.) प्रदान गरिएको छ।
- गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा ५ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ९ को उपनियम (१), (२), (३), (४) को व्यवस्था अनुसार अनुसूची ३, ४ र ७ मा रहेका प्रदेश निजामती सेवामा रहने समूह तथा उपसमूहहरू, पदहरू, प्रदेश सचिवको पद, अधिकृत एघारौं तहमा रहने पदहरू प्रदेश किताबखाना (वैयक्तिक सूचना प्रणाली)मा दर्ता गरिएको छ।
- उद्योग तथा पर्यटन मन्त्रालय अन्तर्गतका १२ वटा निकायको संगठन संरचना र दरबन्दी विवरण प्रदेश किताबखाना (वैयक्तिक सूचना प्रणाली) मा दर्ता गरिएको छ।
- यस कार्यालयको आयोजना र राष्ट्रिय किताबखाना (निजामती)को प्राविधिक सहकार्यमा वैयक्तिक सूचना प्रणाली (PIS) सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ६ बमोजिम प्रेस रजिष्ट्रार नियुक्त गरिएको छ।
- संघ सरकारबाट कर्मचारी समायोजन ऐन बमोजिम प्रदेश सरकारलाई प्राप्त हुन आएका दरबन्दीहरू यकीन गरी मन्त्रिपरिषद्बाट स्वीकृत समेत भई अभिलेखीकरण गरिएको छ। जस अनुसार संघ सरकारबाट प्रदेश सरकारलाई विभिन्न तहका गरी २६७९ दरबन्दीहरू प्राप्त भएको अभिलेख छ। जुन निम्नानुसार रहेको छः-

| सि नं | तह | दरबन्दी संख्या |
|---|---|---|
| १ | प्रमुख सचिव | १ |
| २ | एघारौं | २५ |
| ३ | नवौं/ दशौं ( प्राविधिक/अप्राविधिक) | १८४ |
| ४ | सातौं/आठौं ( प्राविधिक/अप्राविधिक) | ५५९ |
| ५ | पाँचौं/छैटौं (प्राविधिक/अप्राविधिक) | ८०९ |
| ६ | चौथौ/पाँचौं(प्राविधिक/अप्राविधिक) | २५१ |
| ७ | तहविहीन | ८०५ |
| कूल | | २६७९ |

## शान्ति सुरक्षा

- गण्डकी प्रदेशमा शान्ति सुरक्षा कायम राख्न नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी सँगनियमित समन्वय कायम गरिएको छ। साथै प्रदेश सुरक्षा समन्वय समितिको बैठक बसी शान्ति सुरक्षाको बारेमा समन्वय र सहजीकरण गरिएको छ ।
- प्रहरी चौकी, प्रहरी तालिम केन्द्र, प्रहरी अस्पताल निर्माण लगायत कारागार कार्यालयको भौतिक संरचना मर्मत सम्भारको लागि सहयोग गरिएको छ ।

## विपद् व्यवस्थापन

- प्रदेश स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्रको (PHEOC), प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC), प्रदेश गोदामघरको स्थापना र संचालन गरिएको छ ।
- प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समितिको बैठक नियमित रूपमा बसी विपद् व्यवस्थापनका सम्बन्धमा छलफल र समन्वय गरिएको छ ।
- प्रदेश विपद् व्यवस्थापन कोषमा न्यूनतम रु= १० करोड रहने व्यवस्था साथै राहत वितरणको लागि ११ वटै जिल्ला विपद् व्यवस्थापन कोषमा न्यूनतम् रु दश लाख रहने व्यवस्था गरिएको छ।
- सुरक्षा निकायहरूलाई विपद् उद्धार सामग्रीहरू उपलब्ध गराइएको छ साथै कम्युनिटी सर्च एण्ड रेस्क्यू तालिम र विपद् अभ्यास सिमुलेसन कार्यक्रमको लागि सहयोग गरिएको छ।
- जाजरकोट भुकम्पका पीडितलाई राहत स्वरूप कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषमा रु १ करोड र प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ५० लाख सहायता प्रदान गरिएको छ।

# आर्थिक मामिला मन्त्रालय

प्रदेशको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण तथा नीतिको तर्जुमा, कार्यान्वन र नियमन गर्ने कार्य यस मन्त्रालयमा रहेको छ। आर्थिक तथा वित्तीय नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन लगायत वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने, आर्थिक एवं उल्लिखित नयाँ कार्यक्षेत्र सम्बन्धी कार्य सम्पादन यस मन्त्रालयको जिम्मेवारी रहेको छ।

<u>वित्तीय विवरण</u>

१. **आर्थिक वर्ष २०७५/७६ देखि २०८०/०८१ सम्मको** वित्तीय विवरण **निम्नअनुसार रहेको छ।**

(रु. हजारमा)

| आ.व. | विवरण | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| २०७५/७६ | चालू | १,१३,७१४ | ३९,८३७ | ३५.०३ |
| | पुँजीगत | ४६०२३ | ३३,१७८ | ७२.०९ |
| | जम्मा | **१,५९,७३७** | **७३.१५** | **४५.७१** |
| २०७६/७७ | चालू | २१,९३,३१ | ६,४०,९९ | २९.२२ |
| | पुँजीगत | २,२३,५० | १,४२,६८ | ६३.८४ |
| | जम्मा | **२४,१६,८१** | **७,८३,६७** | **३२.४३** |
| २०७७/७८ | चालू | १,८१,९७५ | ६०,१४६ | ३१.४३ |
| | पुँजीगत | ९,९०० | १२,६२० | ८४.१३ |
| | जम्मा | **१,९१,३७५** | **७२,७६६** | **३५.२६** |
| २०७८/७९ | चालू | १,६०,०९४ | ७६,३७० | ४७.७ |
| | पुँजीगत | १३,२०० | ५,५२० | ४१.८२ |
| | जम्मा | **१,७३,२९४** | **८१,८९०** | **४७.२६** |
| २०७८/७९ | चालू | १,०९,१९६ | ८२,२३४.४ | ७५.३१ |
| | पुँजीगत | ९,९२६.४ | ७,९६९.१८ | ८०.२८ |
| | जम्मा | **१,१९,१२२.४** | **९०,२०३.६** | **७५.७२** |
| २०७९/८० | चालू | १,०९,१९६ | ८२,२३४.४ | ७५.३१ |
| | पुँजीगत | ९,९२६.४ | ७,९६९.१८ | ८०.२८ |
| | जम्मा | **१,१९,१२२.४** | **९०,२०३.६** | **७५.७२** |
| २०८०/८१ | चालू | २,४२,८४८ | ६९,१२० | ४८.३८ |
| | पुँजीगत | ८,७०० | ४,११८ | ४७.३३ |
| | जम्मा | **१,५१,५७८** | **७३,२३८** | **४८.३२** |

## बजेट तथा खर्च विवरण(रु. हजारमा)

| आर्थिक वर्ष | कुलवार्षिक बजेट | | | जम्मा | कुलखर्च | | | जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | वित्तीय व्यवस्था | | चालु | पूँजीगत | वित्तीय व्यव स्था | | |
| २०७४/७५ | ४८०३७५ | ५४०१२५ | ० | १०२०५०० | १४४७९५ | १५०६३७ | ० | २९५४३२ | २८.९ ५ |
| २०७५/७६ | ८११५५१५ | १५९०७८३३ | ० | २४०२३३४८ | ५२११०३० | ८७१७००० | ० | १३९२८०३० | ५७.९ ८ |
| २०७६/७७ | १२२८५७७२ | १९८४९०२० | ० | ३२१३४७९२ | ६४२६९२१ | १३९८६६९६ | ० | २०४१३६१७ | ६३.५२ |
| २०७७/७८ | १४३४२६८४ | १९९९९४७६ | ५००००० | ३४८४२१६० | ८०२७८६४ | १७५९५५५४ | ० | २५६२३४१८ | ७३.६३ |
| २०७८/७९ | १२६०४२१० | १८५०८६७५ | २४०००० | ३१३५२८८५ | ७५८०११६ | १४४६३८१७ | ० | २२०४३९३३ | ७३.५१ |
| २०७९/८० | १२५५७१४९ | २२८५१८५० | ५००००० | ३५९०८९९९ | ८३५३५२२ | १५२६१३६१ | ० | २३६१४८८३ | ६५.७६ |
| २०८०/०८१ | १२७०९६९० | २०२१७५१० | ५००००० | ३३४२७२०० | ७५७६६९९ | १४६२९४१६ | ० | २२२०६११५ | ६६.४३ |

| आय विवरण (रू.हजारमा) | | | |
|---|---|---|---|
| **आर्थिकवर्ष** | **प्रदेशको आन्तरिक आय** | **राजस्व बाँडफाँटबाट प्राप्त रकम** | **जम्मा** |
| २०७४/७५ | ० | ० | ० |
| २०७५/७६ | २२१५०६१ | ६०९९३८६ | ८३१४४४७ |
| २०७६/७७ | २००४०७० | ४८१७०६३ | ६८२११३३ |
| २०७७/७८ | २६६०८५७ | ६४९११२६ | ९१५१९८३ |
| २०७८/७९ | ३२१५६५१ | ७५०२६०६ | १०७१८२५७ |
| २०७९/८० | ३१७२१३७ | ७३४२३३२ | १०५१४४६९ |
| २०८०/८१ | ३४३१७३१ | ८०२०४६९ | ११४५२२०० |

## प्राप्त अनुदान विवरण(रु. हजारमा)

| आर्थिक वर्ष | समानीकरणअनुदान | ससर्तअनुदान | समपूरकअनुदान | विशेषअनुदान | जम्मा |
|---|---|---|---|---|---|
| **२०७४/७५** | १०२०५०० | ० | ० | ० | १०२०५०० |
| **२०७५/७६** | ६७७६७०० | ४८५६६४९ | १२२२०० | १८२३०० | ११९३७८४९ |
| **२०७६/७७** | ७११२२०० | ६०२४०३३ | १११११६०० | ८६०००० | १५१०७८३३ |
| **२०७७/७८** | ७११२६०० | ४८१६९६० | १४९८९०० | ५४०००० | १३९६८४६० |
| **२०७८/७९** | ७४२२८०० | ५०२९०८० | ८७३६०० | ५४९००० | १३८७४४८० |
| **२०७९/८०** | ६९३६९१२ | ४९५९१२५ | ६००००० | ४३०००० | १२९२६०३७ |
| **२०८०/८१** | ५६४९०३४ | २९९३१३३ | ७२०००० | ६९५००० | १००५७१६७ |

प्रदेशको आयका स्रोतहरूको विवरण (रु. हजारमा)

| आ. व. | प्रासअनुदान | प्रासमु.अ.क र अन्तशुल्क | आन्तरिकराजस्व प्रशासन सहित |
|---|---|---|---|
| २०७५।७६ | ११९३७८४९ | ६०९९३८६ | २६०९९३ |
| २०७६।७७ | १५१०७८३३ | ४८१७०८३ | २४१०४७६ |
| २०७७।७८ | १३९६८४६० | ६४९११२६ | ३२१२३३३ |
| २०७८।७९ | १३८७४४८० | ७५०२६०६ | ३८०८५१८ |
| २०७९।८० | १३४०६०३८ | ७३४२३३२ | ३८९३०२२ |
| २०८०।८१ | १००५७१६८ | ७६७६३५४ | ३४८२७०९ |
| जम्मा | ७८३५१८२८ | ३९९२८८८७ | १७०६८०५१ |

## २. मुख्य मुख्य कार्यक्रमहरूको उपलब्धिको विवरण

- एकीकृत वित्तीय विवरण तयार गरी प्रकाशित गरिएको,
- वार्षिक बजेट समीक्षा गरी प्रकाशन गरिएको,
- बजेट तथा कार्यक्रमको अर्ध वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको,
- बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा विज्ञहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम,
- बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा प्रदेश सभा सदस्यहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम,
- गण्डकी प्रदेशको सामाजिक-आर्थिक विश्लेषण तयारी र प्रकाशन,
- गण्डकी प्रदेशको आर्थिक सर्वेक्षण तयारी र प्रकाशन,
- बजेटका सिद्धान्त र प्राथमिकता तर्जुमा र प्रकाशन,
- वार्षिक विकास कार्यक्रम तर्जुमा र प्रकाशन,
- बजेट वक्तव्य तर्जुमा र प्रकाशन,
- विनियोजन ऐन र आर्थिक ऐन तर्जुमा र प्रकाशन।
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, निर्माण
- स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड निर्माण
- गण्डकी प्रदेश आन्तरिक लेखापरीक्षण निर्देशिका निर्माण र प्रकाशन।

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

**सडक, सडक पुल तथा झोलुङ्गे पुल अन्तर्गत**

- प्रदेशभित्र हालसम्म पक्की (कालोपत्रे/ढलान) ९२३ कि.मि. र ग्राभेल ७०० कि.मि. सडकनिर्माण कार्य सम्पन्न भइसकेको छ।
- एक निर्वाचन क्षेत्रएक सडक कार्यक्रम अन्तर्गत ३६ सडक आयोजनाको कुल लम्बाई ६७१ कि.मि. रहेकोमा हालसम्म २१५ कि.मि. सम्पन्न र २३१ कि.मि. सडक स्तरोन्नति गर्ने गरी कार्य भइरहेको छ।
- प्रदेश सरकारको प्रमुख हस्तक्षेपकारी कार्यक्रमको रूपमा रहेको स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण कार्यक्रमको कुल लम्बाई ६०७ कि.मि. रहेकोमा हालसम्म २१९ कि.मि. सम्पन्न र २१६ कि.मि. सडक स्तरोन्नति गर्ने गरी कार्य भइरहेको छ।
- सबै स्थानीय तहको केन्द्रमा सडक सञ्जाल पुर्‍याउनका लागि हालसम्म केन्द्रसम्म सडक नजोडिएको गोरखाको चुमनुब्री र मनाङको नार्पाभूमिका केन्द्रमा सडक सञ्जाल पुर्‍याउने लक्ष्य अनुसार विस्तृत आयोजना प्रतिवेदन तयार भई वातावारणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य स्वीकृत भएको छ।
- प्रदेश सरकारको प्रमुख हस्तक्षेपकारी कार्यक्रमको रूपमा रहेको सडक पुल कार्यक्रम अन्तर्गत १०४ वटा सडक पुलको निर्माण कार्य सम्पन्न भएका छन्। हाल ६५ वटा सडक पुल निर्माणाधीन अवस्थामा छन् भने २५ वटा सडक पुलको विस्तृत आयोजना प्रतिवेदन तयारीको प्रक्रियामा रहेका छन्।
- प्रदेश सरकारको प्रमुख हस्तक्षेपकारी कार्यक्रमको रूपमा रहेको झोलुङ्गे पुल अन्तर्गत ८४ पुलको निर्माण सम्पन्न भएका छन्। १७ वटा झोलुङ्गे पुलको निर्माणका लागि तयारी भइरहेको छ।
- प्रादेशिक सडक यातायात गुरुयोजनाको मस्यौदा तयार भई अन्तिम रूप दिनका लागि सरोकारवालासँग छलफल भइरहेको छ।

**शहरी विकास**

**स्याटेलाइट सिटी कार्यक्रमतर्फको प्रगति विवरण**

| क्र.सं. | स्याटेलाइट सिटी कार्यक्रम लागु भएका नगरपालिका | यस अन्तर्गत सम्पन्न भएका योजना/कार्यक्रम |
|---|---|---|
| १ | भिमाद नगरपालिका, तनहूँ | सडक ढलान र नाली कार्य सम्पन्न २०० मि. |

| | | |
|---|---|---|
| २ | शुक्लागण्डकी नगरपालिका, तनहूँ | वडा नं ८ मा नगरस्तरीय रंगशाला निर्माणको लागि ठेक्का सम्झौता |
| ३ | मध्यनेपाल नगरपालिका, लमजुङ | १७५ मि. ढलान र नाली कार्य सम्पन्न |
| ४ | कुश्मा नगरपालिका, पर्वत | वडा नं ९ र १३ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न |
| ५ | फलेवास नगरपालिका, पर्वत | वडा नं २ र ११ को वडा कार्यालय भवन निर्माणाधीन |
| ६ | पुतलीबजार नगरपालिका, स्याङ्जा | वडा नं ९ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न |

- महेन्द्र गुफा वृहत् आयोजना निर्माण कार्यक्रम सम्पन्न भई व्यवस्थित पर्यटकीय गन्तव्यको रूपमा विकास भएको छ।

**जनता आवास कार्यक्रम**

- दलित, विपन्न, लोपोन्मुख र अति सीमान्तीकृत जाति तथा समुदायका लागि सुरक्षित आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रम अन्तर्गत हालसम्म पहिचान भएका २,९०१ लाभग्राही मध्ये २,०३५ लाभग्राहीसँग सम्झौता भई घर निर्माण सम्पन्नको चरणमा रहेका छन्।

**भवन निर्माण**

- कास्कीस्थित बयाली मनकामना बहुउद्देश्यीय सामुदायिक भवन, पर्वतस्थित जयमा आमा समूह, तनहुँस्थित छिम्केश्वरी सामुदायिक भवन लगायत विभिन्न जिल्लाका संघसंस्थाको भवननिर्माण र मर्मतसम्भार कार्य सम्पन्न गरिएको छ।
- प्रदेश र स्थानीय तहको सहलगानीमा कास्कीको माछापुच्छ्रे, स्याङ्गजाको कालीगण्डकी, पर्वतको विहादी, बाग्लुङ्गको ताराखोला, म्याग्दीको मालिका र मुस्ताङ्गको घरपझोङ्ग गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण गरिएको छ।
- विभिन्न जिल्लामा प्रादेशिक सरकारी भवन निर्माण तथा मर्मत सम्भारको कार्य सम्पन्न गरिएको छ। कास्कीस्थित गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- गण्डकी प्रदेश सभा भवन निर्माणको लागि निर्माण व्यवसायीसँग सम्झौताको चरणमा रहेको छ।
- गण्डकी प्रदेशको भवन निर्माण तथा बस्ती विकास विधेयक मस्यौदा सरोकारवालासँग छलफल भइरहेको छ।

**यातायात व्यवस्थापन**

- पोखराको पृथ्वीचोकमा ड्राइभिङ्ग परीक्षण केन्द्र निर्माण सम्पन्न भएको छ। यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमति पत्र) कास्कीको आफ्नै जग्गामा भवन बनाइ सेवा प्रवाह भइरहेको छ।
- सवारी चालक अनुमति पत्र नवीकरण तथा नयाँ सवारी दर्ता सेवा प्रदान गर्न कावासोती, नवलपरासी (ब.सु.पू.) र तनहुँको डुम्रेमा यातायात व्यवस्था कार्यालय स्थापना गर्ने निर्णय बमोजिम कार्यालय सञ्चालनमा आइसकेका छन्।
- सवारी चालक अनुमतिपत्र वितरण गर्ने कार्यालयबाट राजस्व तिरेकै दिनमा परीक्षणकालीन सवारी चालक अनुमतिपत्र दिने व्यवस्था मिलाइएको छ।
- यातायात व्यवस्था कार्यालय सवारी, कास्कीका सम्पूर्ण फाइल ढड्डा डिजिटाइजेसन गरी यातायात व्यवस्था सेवालाई Online प्रणालीमा लैजान तयारी गरिएको छ।
- यातायात कार्यालयहरूको भौतिक पूर्वाधार विकास र परिसर सुधार गर्ने कार्य निरन्तर भइरहेको छ|
- यातायात व्यवस्था कार्यालय डुम्रे, नवलपरासी (ब.सु.पू.) र बागलुङबाट नयाँ सवारी साधनको दर्ता Online EDLVRS मा गरिएको र पुरानो सवारी साधनको दर्तालाई समेत Paper Card Entry गरी EDLVRS मा ल्याइएको छ।
- सवारी चालक अनुमति पत्रको लागि सेवाग्राही Trial Pass भएपछि कास्कीमा १० दिन र अन्य कार्यालयबाट ७ दिन भित्रमा राजस्व तिर्ने व्यवस्था मिलाइएको छ।
- Ride Sharing कार्यलाई व्यवस्थित तथा नियमन गर्न Ride Sharing सम्बन्धी कार्यविधि तर्जुमा गर्ने क्रममा रहेको छ।
- Smart License Card प्रदेशले आफैं छपाइ गर्न नेपाल सरकारसँग समन्वय गरी पहल भइरहेको छ।
- यातायात क्षेत्रबाट चालु आ.व.को पौष मसान्तसम्म रु.१ अर्ब १४ करोड ८६ लख ४९ हजार ३ सय ४८ रुपैयाँ राजस्व संकलन भएको छ।

# स्वास्थ्य मन्त्रालय

आँपपिपल अस्पताल, गोरखा र बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र, बागलुङलाई गण्डकी प्रदेश सरकारको निर्णयबाट ५० शैयामा स्तरोन्नति गरी आँप पिपल अस्पताल र बुर्तिबाङ अस्पताल कायम गरेर बजेट तथा कार्यक्रम सम्बन्धित कार्यालयमा पठाउने व्यवस्था भएको छ। उक्त अस्पतालहरूमा प्रति अस्पताल ९ जना विशेषज्ञ सहित ६९ दरबन्दी रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको छ।

- गण्डकी प्रदेशलाई पूर्ण खोप युक्त प्रदेश घोषणा गरिएको छ।
- स्वास्थ्य मन्त्रालय मातहतका ३९ निकायको कार्य प्रकृतिको आधारमा नाम संशोधन गरी एकरूपता कायम गरिएको छ।
- गण्डकी आयुर्वेद औषधालय, कास्की र धौलागिरी आयुर्वेद औषधालय, बागलुङलाई २५ शैया अन्तरंग सेवा सहित स्तरोन्नति गरी गण्डकी आयुर्वेद अस्पताल र धौलागिरी आयुर्वेद अस्पताल कायम गरिएको छ।
- प्रदेश अस्पताल लमजुङलाई प्रदेश सरकार मातहात सञ्चालन ल्याई ९ जना विशेषज्ञ सहित ६९ दरबन्दी रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरिएको छ।
- मातृ शिशु मितेरी प्रादेशिक अस्पतालमा नाक, कान, घाँटीको विशेषज्ञ सेवा सुरुवात गरिएको छ।
- प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, कास्कीमा स्वास्थ्य बीमा कार्यक्रम लागू गरिएको छ। उक्त सेवा लगायत जनरल सेवा विस्तार गर्नको लागि थप विशेषज्ञ जनशक्तिको व्यवस्था गरिएको छ।
- प्रदेश सरकार मातहतका अस्पतालहरू (मनाङबाहेक) मा आँखा, दाँत र फिजियोथेरापी सेवा विस्तार गरिएको छ।
- प्रदेश अस्पताल, लमजुङमा सघन उपचार कक्ष (ICU) सेवा सञ्चालन गरिएको छ।
- क्षयरोगका बिरामीको पहिचान गरी उपचार को दायरामा ल्याउन समुदाय स्तरमा Artificial Intelligence जडित एक्सरे प्रयोग गरी जोखिम समूहका ४८९२ जना को स्क्रिनिङ गरी ६९ जना नयाँ क्षयरोगका बिरामी पत्ता लगाइएको छ। सोही अवधिमा थप १५जना औषधि प्रतिरोधी क्षयरोगका बिरामी समेतको पहिचान गरिएको छ।
- उच्चरक्त चाप, मधुमेह, क्यान्सर जस्ता विभिन्न नसर्ने रोगको समुदाय स्तरमा परीक्षण गरी समयमै निदान गर्ने गरी स्क्रिनिङ कार्यक्रम संचालन गरिएको छ।
- क्यान्सर उपचार सहायता कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट उपलब्ध हुने सहायता रकम का अलावा गण्डकी प्रदेश सरकारबाट थप रू. एकलाख रकम उपलब्ध गराउने गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं, बि. पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, चितवन, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर, भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर र निजामती कर्मचारी अस्पताल, मीन भवन, काठमाडौं सँग सम्झौता गरी कार्यक्रमको विस्तार गरिएको छ। चालु आ.व.को माघ १० गते सम्म गण्डकी प्रदेशका ७३३ जना

क्यान्सरका बिरामीले रू. २ करोड ३५ लख ८९ हजार १ सय ४ रुपैयाँ बराबरको उपचार सहायता प्राप्त गरेका छन्।

- रेडक्रस सँग को समन्वयमा गण्डकी प्रदेशका बिरामीलाई रगत तथा रगत जन्य सेवा **निःशुल्क** उपलब्ध गराइएको छ।
- गण्डकी प्रदेश भित्र सरकारी ९ वटा र निजी ६ वटा गरी जम्मा १५ वटा स्वास्थ्य संस्थाबाट ८ सय ४ जना बिरामीले डायलायसिस सेवा प्राप्त गरिरहेका छन्। चालु आ.व. को दोस्रो त्रैमासिक सम्म २० हजार ५ सय पटक डायलाइसिस सेवा प्रवाह भएको छ जसबाट बिरामीको करिब १६ करोड ५० लाख रकम बचत भई स्वास्थ्यमा हुने व्यक्तिगत खर्च घटेको छ। यसै गरी प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, कास्कीमा आवश्यक जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधारको व्यवस्थापन गरी २५ शैय्या क्षमताको डायलाइसिस केन्द्र संचालन कार्यलाई थप व्यवस्थित गरिएको छ।
- प्रदेश अस्पताल बागलुङ, गोरखा, म्याग्दी, लमजुङ, नवलपरासी (ब.सु.पू.) र तनहुँमा मनोसामाजिक विमर्श सेवा प्रदान गरिएको छ।
- प्रदेश अस्पताल मनाङ र मुस्ताङमा बिहान ७ बजे देखि साँझ ७ बजे सम्म विस्तारित OPD सेवा को सुरुवात गरिनुका साथै म्याग्दी, पर्वत, लमजुङ, स्याङ्जा, तनहुँ, गोरखा र नवलपरासी (ब.सु.पू.) जिल्ला स्थित प्रदेश अस्पतालमा विस्तारित सेवाको कार्यक्रमलाई निरन्तरता दिइएको छ।
- अस्पतालको सर्जरी सेवालाई थप विस्तार र व्यवस्थित गरिएको छ। हाल सम्म प्रदेश अस्पताल गोरखामा १८ जनाको र धौलागिरी प्रादेशिक अस्पतालमा १४ जना ल्याप्रोस्कोपिक सर्जरी (पित्तथैलीको पत्थरी) भएको छ भने लमजुङ, तनहुँ, बागलुङ र नवलपरासी (ब.सु.पू.) स्थित प्रदेश अस्पतालमा गरी जम्मा २६ जना पाठेघर खसेका महिलाको निःशुल्क शल्यक्रिया गरिएको छ।
- प्रदेश अस्पताल, तनहुँमा सञ्चालित हेमोडायलाइसिस सेवालाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न ब्यास नगरपालिका-१०, दुम्सीबजार स्थित नगर अस्पतालमा स्थानान्तरण गरी तनहुँ अस्पतालकै व्यवस्थापनमा सेवा सञ्चालन हुने व्यवस्था मिलाइएको छ।
- प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सेवालाई प्रदेशको रणनीतिक स्थानहरूमा विस्तार गर्न नक्साङ्कन (Laboratory Mapping) गरिएको छ।
- प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट नसर्ने र मानसिक रोगको २२ प्रकारका, नवजात शिशु एवं बाल रोगको ११प्रकारका, आधारभूत र आकस्मिक उपचारका लागि ४५ प्रकारका, आयुर्वेदको २३ प्रकारका औषधि निःशुल्क वितरण गरिएको छ।
- "जोखिममा परेका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार कार्यविधि, २०८०" बमोजिम गण्डकी प्रदेशका सबै स्थानीय तहबाट हेली उद्धार गर्न सकिने गरी जटिलता मा रहेका गर्भवती तथा सुत्केरी महिलाको हेलिकप्टर मार्फत Air Lifting गर्ने कार्य निरन्तरता दिइएको छ र यस अवधिमा मन्त्रालयको समन्वयमा संघीय सरकारबाट थप २ जना समेत गरी जम्मा ६७ जनाको हेली उद्धार गरिएको छ।
- सबै गर्भवती महिलालाई स्वास्थ्य संस्थाबाट वा समुदायमै मोबाइल मा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका मार्फत हालसम्म ६ हजार ५ सय ४७ जना गर्भवती दर्ता गरी आमा र शिशुको स्वास्थ्य अवस्था अनुगमन गर्ने विद्युतीय प्रणाली संचालनमा ल्याइएको छ। स्थानीय

तहको साझेदारीमा पूर्व प्रसूति र उत्तर प्रसूति (ANC & PNC) का घरघरमा स्वास्थ्यकर्मी सेवा कार्यक्रम सञ्चालन गरिएको।

- गर्भवती महिलाका लागि ग्रामीण अल्ट्रासाउन्ड सेवालाई स्थानीय तहको समन्वयमा थप ५वटा स्वास्थ्य संस्था (अर्मन स्वास्थ्य चौकी, म्याग्दी, रेश स्वास्थ्य चौकी, बागलुङ, भुकताङ्गले स्वास्थ्य चौकी, पर्वत, मग्याम चिसा पानी स्वास्थ्य चौकी, स्याङ्जा, मुचोक स्वास्थ्य चौकी, गोरखा र गौडा प्राथमिक स्वास्थ्य केन्द्र, लमजुङ) मा विस्तार गरिएको छ।
- गण्डकी प्रदेश सरकार को सहयोग, समन्वय र सहजीकरणमा बागलुङको गलकोट नगर अस्पतालमा आकस्मिक प्रसूति तथा नवजात शिशुसेवा (CEONC) को सुरुवात गरिएको छ।
- ६६ स्थानीय तहका ६ सय ७३ वटा स्वास्थ्य संस्थाबाट Real Time प्रतिवेदन हुने गरी विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Electronic Health Management Information System: e-HMIS) कार्यान्वयनमा ल्याइएको छ। सबै अस्पतालमा Electronic Medical Record-EMR System लागू गरिएको छ।
- स्थानीय तह सँगको समन्वयमा ७० स्थानीय तहमा Family Health Profile तयार गरी ३ लाख २२ हजार ७ सय ७४ परिवारका १२ लाख २१ हजार ५ सय ७१ सदस्यहरूको विवरण अद्यावधिक गरी व्यक्तिगत स्वास्थ्य संकेत नम्बर प्रदान गरिएको छ।
- विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली (Electronic Logistics Management Information System: e-LMIS) लाई ९३५ स्वास्थ्य संस्थामा विस्तार गरी ९७ प्रतिशत स्वास्थ्य संस्थाले Real Time रिपोर्टिङ गरिरहेका छन, सो कार्यबाट e-LMIS को समग्र रिपोर्टिङ दर ९८ प्रतिशत (राष्ट्रिय औषत दर ९५ प्रतिशत) पुगेको छ।
- गण्डकी प्रदेशका विभिन्न जिल्लामा देखा परेको डेंगु रोगको प्रकोप नियन्त्रण एवं व्यवस्थापनको लागि आपतकालीन प्रति कार्य टिम ,स्वास्थ्य प्राविधिक टोलीका साथै जनप्रतिनिधि र सरोकारवालाहरू समेत खटिई लामखुट्टेको बासस्थान "खोज र नष्ट गर" अभियानलाई समुदायस्तर मा संचालन गरिएको छ। यसका लागि प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट स्वास्थ्य संस्थामा १६,१६२ किट उपलब्ध गराइनुका साथै प्रदेश मातहतका अस्पतालहरूमा डेंगु रोगको निःशुल्क परीक्षण र उपचारको व्यवस्था मिलाइको छ। स्वास्थ्य मन्त्रालयबाट डेंगु सम्बन्धी जनचेतनामूलक सचेतना सामग्री (१५,०००प्रति) तयार गरी वितरण गरिएको छ।
- प्रदेशभर महामारी निगरानी तथा प्रतिकार्य गर्न प्रकोपको शीघ्र सूचना प्रवाहका लागि सर्भिलेन्स आउट ब्रेक रेस्पोन्स म्यानेजमेन्ट एण्ड एनालाइसिस प्रणाली (SORMAS) लाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइएको छ।
- सहिद, बेपत्ताका परिवार, विभिन्न जनआन्दोलन घाइते, ख वर्गका अपाङ्गता भएका व्यक्ति र नियमित डायलाईसिस सेवालिने मृगौला पीडित परिवारका सदस्यहरूको **निःशुल्क** स्वास्थ्य बिमा गरिएको छ।
- १० बर्ष भन्दामुनि र ६० बर्ष भन्दामाथिको व्यक्तिलाई सरकारी अस्पतालमा हुने प्रयोगशाला परीक्षण शुल्कलाई **निःशुल्क** गरिएको छ।
- ११ जिल्लाका विभिन्न १८ वटा विद्यालयमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गरिएको छ।
- मुस्ताङ जिल्लाको मुक्तिनाथमा हाईअल्टिच्युट सिक्नेस उपचार केन्द्र सञ्चालन गरिएको छ।

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

- हिमाली तथा दुर्गम क्षेत्रका विद्यार्थीको शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गर्न गोरखा,म्याग्दी र मुस्ताङका ४ नमुना विद्यालयमा आवासीय भवन निर्माण र २८० जना विद्यार्थीका लागि आवासीय छात्रवृत्ति प्रदान गरिएको छ ।
- गण्डकी प्रदेश सरकारर मित्रराष्ट्र चीनको हेनान प्रान्त सरकारबीच भगिनी सम्बन्ध स्थापना भए पश्चात हेनान नर्मल विश्वविद्यालयमा प्राविधिक शिक्षा अध्ययन गर्न २० जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका छन्।
- गरिब, दलित, अल्पसङ्ख्यक समुदायका एमबीबीएस, इन्जिनियरिङ्, कृषि र बन विज्ञान क्षेत्रमा छात्रवृत्ति प्राप्त ३० जना विद्यार्थीलाई उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति प्रदान गरिएको छ। साथै, स्नातकोत्तर तहमा अध्ययनरत १८ जना विद्यार्थीलाई प्रति विद्यार्थी ३० हजार रुपैंया शोधवृत्ति सहयोग प्रदान गरिएको छ।
- प्रत्येक निर्वाचन क्षेत्रमा स्वावलम्बी र राष्ट्रप्रेमी नागरिक उत्पादन गर्ने उद्देश्यले ३६ विद्यालयमा आदर्श विद्यालय विकास कार्यक्रमबाट २६ हजार २ सय ८० जना विद्यार्थी प्रत्यक्षरूपमा लाभान्वित भएका छन्।
- शिक्षक र विद्यार्थी दुवैमा रहेका प्रतिभा पहिचान गर्ने उद्देश्यले प्रतिभा प्रष्फुटन कार्यक्रमको सुरुवात गरिएको छ।
- जीवनोपयोगी मूल्य मान्यतामा आधारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति तयार गर्न गण्डकी विश्वविद्यालय स्थापना गरी विभिन्न नवीनतम विषयमा पाठ्यक्रम तयार गरी स्नातक तहको पढाई सञ्चालन भएको छ।
- विश्वविद्यालयको अन्वेषण र आविष्कार केन्द्रको भवन निर्माण सम्पन्न भई राष्ट्रिय आविष्कार केन्द्रसँग सहकार्य गरी सञ्चालनमा आएको छ। त्यसै गरी नाष्टविशिष्टीकृत अनुसन्धान केन्द्र, गण्डकी प्रदेश कार्यालय स्थापना भएको छ।
- गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण, प्रमाणीकरण तथा बजार माग अनुरूपका मध्यम स्तरको मानव संसाधन विकास गर्ने उद्देश्यले **गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान**स्थापना गरिएको छ। कोरियन सहयोग नियोग (KOICA) र गण्डकी प्रदेश सरकारवीच सम्झौता भई भौतिक पूर्वाधार निर्माण कार्यको थालनी भएको छ।
- विज्ञान तथा प्रविधिको क्षेत्रमा नवीनतम ज्ञान, सिप र प्रविधिको प्रयोग गरी अनुसन्धनात्मक क्रियाकलाप प्रवर्द्धन गर्न गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानले गण्डकी प्रदेशका स्नातकोत्तरमा शोध गर्ने १४ जना विद्यार्थीलाई अनुसन्धान वृत्ति, ६ जनालाई अनुसन्धान फेलोसिप एवं विज्ञान तथा प्रविधि विषय अध्ययनरत स्नातक तह पुरा गरी दुई वर्ष ननाघेका ११ जनालाई ईन्टर्नशिप सहयोग गरेको छ।

- बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रदेशस्तरीय आवासीय विद्यालय निर्माणमा सहयोग गरिएको छ साथै उच्च शिक्षा अध्ययन गर्ने २०८ जना अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ।
- कोभिड-१९ का कारण अभिभावक गुमाएका १८९ जना बालबालिकाको पालनपोषण एवम् सिकाइ सहायताका लागि मासिक रु ५०००।- का दरले राहत रकम उपलव्ध गराइएको छ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका १० वटा माध्यमिक विद्यालयमा **सिक्दै कमाउँदै कार्यक्रम**बाट १ हजार १ सय ४५ जना विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।
- गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम लागु गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिइएको छ साथै विद्यार्थीको सर्वाङ्गीण विकासमा टेवा पुर्‍याउन Friday For Future कार्यक्रमको सुरुवात गरिएको छ।
- गण्डकी प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यशाला, सङ्गीतको अध्ययन अनुसन्धान गरी संरक्षण एवं सम्बर्द्धन गर्न **गण्डकी प्रज्ञा प्रतिष्ठान** स्थापना भई आर्ट ग्यालरी निर्माण, २४ प्रकारका लोक बाजाहरू, भाषा, संस्कृतिको संरक्षण र सम्बर्द्धन गरी प्रदेशका विभिन्न जनजातिको सामाजिक तथा सांस्कृतिक पक्षको अनुसन्धान तथा पुस्तक प्रकाशन गरिएको छ।
- प्रदेश सरकारको सहयोगमा विभिन्न ३४ वटा सङ्ग्रहालयको संरक्षण तथा व्यस्थापन गरिएको छ।
- देश र समाजको लागि जीवन बलिदान गरेका एवं राज्यद्वारा सहिद घोषणा भएका सहिदको नाममा स्थापित ४ वटा सहिद पार्कको स्थापना र विकासमा सहयोग पुर्‍याइएको छ।
- त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) लगायत प्रदेशमा रहेका ४१५ मठ मन्दिर, गुम्बा, मस्जिद लगायत धार्मिक आस्थाका केन्द्रहरूको संरक्षण, प्रवर्द्धन र विकासका कार्य सञ्चालन गरिएको छ।
- प्रदेश खेलकुद परिषद् स्थापना भई पोखरा रङ्गशाला परिसरमा प्रशासनिक भवन निर्माण गरिएको छ। साथै, "एक स्थानीय तह-एक खेलमैदान" कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ।
- मुस्ताङ्गको बारागुङ्ग मुक्ति क्षेत्रमा उच्च उचाई खेलमैदानका लागि Geological र Meteorological पूर्व सम्भाव्यता अध्ययन गरिएको छ।
- योग, ध्यान, प्राणायम र स्वजागरणको कार्यक्रमलाई प्राथमिकता दिई स्थानीय तहको सहकार्यमा अगाडि बढाइएको छ।
- गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी खेलाडीलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत ९ जना खेलाडीलाई मासिक ५ हजारका दरले एकमुष्ट वार्षिक ६० हजार रकम उपलब्ध गराइएको छ।

- लैङ्गिक हिंसा एवम् मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितका लागि प्रदेशस्तरीय दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनको लागि पहल भइरहेको छ।
- सक्षम महिला समानान्तर पाइला कार्यक्रम अन्तर्गत ७२५ जना महिलालाई विभिन्न सीपमूलक तालिम संचालन तथा ३० जना महिला उद्यमीलाई प्रविधि सहयोग अनुदान उपलब्ध गराइएको छ।
- हिंसा प्रभावित महिला तथा बालबालिकाको लागि तत्काल उद्धार संरक्षण तथा पुनःस्थापना गर्न तनहुँ, बाग्लुङ, गोरखा, स्याङ्जा, नवलपरासी (ब.सु.पू.), पर्वत र म्याग्दी जिल्लामा अल्पकालीन आश्रय सहितको जिल्ला सेवा केन्द्र सञ्चालनमा रहेका छन्।
- सडक बालबालिका व्यवस्थापनका लागि कास्की जिल्लास्थित अन्नपूर्ण गाउँपालिकामा प्रदेशस्तरीय दीर्घकालीन पुनःस्थापना केन्द्र सञ्चालन गरिएको छ।
- बालबालिकासँग मुख्यमन्त्री कार्यक्रम अन्तर्गत ११ वटै जिल्लाका बालबालिकाले माननीय मुख्यमन्त्रीसँग साक्षात्कार गर्नुका साथै बालबालिकाका सवालमा केन्द्रित विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ।
- प्रदेशस्तरमा शिशु स्याहार केन्द्र सञ्चालनमा ल्याइएको छ ।
- दृष्टिविहीन लक्षित अडियो लाइब्रेरी स्थापना तथा ५० वटा श्रव्य पुस्तक गण्डकी नेत्रहीन संघलाई हस्तान्तरण गरिएको छ।साथै अपाङ्गता भएका व्यक्तिका लागि सहायता कक्ष र समुदायमा आधारित पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरिएको छ।
- अटिजम भएका बालबालिकालाई स्याहार गर्ने संस्था अटिजम केयर सोसाइटी मार्फत ६० जना बालबालिका लाभान्वित भएका छन्।
- ज्येष्ठ नागरिकको दिवा समयलाई सहज, रचनात्मक तथा सिर्जनात्मक बनाउन १५० वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको पूर्वाधार निर्माण र १६ वटा ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमहरूको पूर्वाधार सदृढीकरणमा सहयोग गरिएको छ।
- गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त गण्डकी प्रदेश घोषणा मार्फत मानव सेवा आश्रमसँग सम्झौता तथा समन्वय गरी तत्काल उद्धार र संरक्षणका कार्य भईरहेका छन्।
- दलित समदुायको परम्परागत पेशा, कला र सिपको संरक्षण, संवर्द्धन र व्यवसायीकरणको लागि **भगत सर्वजित सिप विकास** कार्यक्रमबाट ३५ वटा समूहलाई परम्परागत पेशा तथा सिप प्रवर्द्धन गर्न सहयोग गरिएको छ।

# उद्योग तथा पर्यटन मन्त्रालय

**पर्यटन**

- ग्रामीण पर्यटनको विकास एवं प्रवर्द्धनका लागिहालसम्म ३३४ होमस्टे, विभिन्न सामुदायिक भवन, स्वागतद्वार, सांस्कृतिक संग्रहालय, पदमार्ग (२४० कि.मी.), पार्कको पूर्वाधार निर्माण कार्य सम्पन्न गरिएको छ।
- प्रदेशको पर्यटन प्रवर्द्धन गर्न **"Glorious Gandaki"** पर्यटकीय ब्राण्ड तयार गरी टेलिभिजन, एफ.एम. रेडियो, छापा र अनलाइन मिडिया मार्फत् प्रचारप्रसार गरिएको छ।
- गण्डकी प्रदेशका १ सय १० प्रमुख पर्यटकीय गन्तव्य समेटेर पुस्तिका प्रकाशन गरी प्रचारप्रसार गरिएको र ती गन्तव्यमा पूर्वाधार निर्माण कार्य सुचारू गरिनुका साथै, थप नयाँ गन्तव्यको पहिचान, प्रवर्द्धन र विकास गर्ने काम भइरहेको छ।
- गण्डकी प्रदेशका मुख्यमुख्य १३८ वटा हिमश्रृङ्खलाहरूको प्रोफाइल तयार पारिएको छ। पोखराको पहिचान झल्कने गरी पोखराको ड्याम साइडमा साइन पोष्ट निर्माण गरिएको छ।
- गण्डकी प्रदेशका पर्यटन सम्बन्धी सूचना तथा जानकारीलाई एकीकृत गर्न पर्यटन सम्बन्धी छुट्टै वेब पोर्टल (www.tourism.gandaki.gov.np) को निर्माण गरिएको छ।
- नवलपरासी (ब.सु.पू.), पर्वत, तनहुँ र म्याग्दीका मुख्यमुख्य पर्यटकीय गन्तव्यहरूको डिजिटल प्रोफाईल तयार गरेर प्रचारप्रसार कार्यको सुरुवात गरिएको छ।
- प्रदेशका सबै जिल्लामा पर्यटन विकासका लागि ११ पर्यटकीय स्थलको DPR तयार गरी क्रमशः कार्यान्वयन गर्दै लैजाने कार्य भइरहेको छ।
- प्रदेश सरकारको स्थापनादेखि २०८० असार मसान्तसम्म ७ लाख ८१ हजार २ सय १४ जना विदेशी पर्यटकहरूले गण्डकी प्रदेश भ्रमण गरेका छन्।
- पोखरालाई मिति २०८०।१२।०४ गते पर्यटनको राजधानी शहर घोषणा गरिएको छ।

**उद्योग, वाणिज्य तथा आपूर्ति**

- स्थापना कालदेखि हालसम्म प्रदेशमा ३७ हजार ९ सय ८ उद्योग तथा ३५ हजार ७ सय ७९ नयाँ व्यापार व्यवसाय दर्ता भएका छन्।
- उद्यमी बन्न अभिप्रेरित गर्ने उद्देश्यले १४ हजार २ सय ७९ जनालाई उद्यम विकास तालिम र उद्यमी तथा स्वरोजगार बन्नका लागि १४ हजार ७ सय ८२ जनालाई विभिन्न किसिमका सिपमूलक तालिम प्रदान गरिएको छ।
- घरेलु तथा साना उद्योगहरूलाई प्रोत्साहन तथा आधुनिकीकरण गर्नका लागि १ हजार ५ सय ५३ जना उद्यमीहरूलाई विभिन्न मेशिन औजार (प्रविधि हस्तान्तरण) सहयोग उपलब्ध गराइएको छ।

- पोखरा महानगरपालिका वडा नं. ३३ को पुँडीटार र नवलपरासी (बर्दघाट सुस्तापूर्व) को लोकाहा खोलामा प्रदेशस्तरीय औद्योगिक क्षेत्रको विस्तृत आयोजना प्रतिवेदन तयार गरी वातावरणीय प्रभाव मूल्यांकन (EIA)को कार्य अगाडि बढाइएको छ।
- डिजिटल गण्डकीको नीति अनुरूप ६७ हजार ७ सय ८६ उद्योग तथा ६७ हजार ४ सय ६६ वाणिज्य फर्महरू समेत जम्मा १ लाख ३५ हजार २ सय ५२ फर्महरूको विद्युतीय अभिलेखन कार्य सम्पन्न गरीपर्यटन, उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी सेवा प्रवाहको काम विद्युतीय माध्यमबाट सुरु गरिएको छ।
- प्रदेशभित्रको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुणस्तर कायम गर्न तथा कालोबजारी, एकाधिकार, सिन्डिकेट र कार्टेलिङ अन्त्य गर्न नियमित बजार अनुगमन गरी गुणस्तर र मूल्यमा नियमन गरिएको छ।
- उपभोक्तालाई दैनिक उपभोग्य वस्तु खरिद गर्दा अपनाउनु पर्ने सतर्कताका लागि जनचेतनामूलक अभियान कार्यक्रम सञ्चालन भइरहेको छ।
- "एक स्थानीय तह, एक उद्योगग्राम" अन्तर्गत घोषणा भएका २९ स्थानीय तहमा पूर्वाधार विकास तथा निर्माणको कार्य भइरहेका छन्। गण्डकी प्रदेश सरकारले २५ वटा उद्योग ग्राममा ९ करोड ५० लाख आर्थिक सहयोग गरेको छ।
- प्रदेशस्तरीय उद्यमी लगानीकर्ता सम्मेलन र उद्योगी व्यवसायीहरूको सहकार्य तथा सहलगानीमा औद्योगिक प्रवर्द्धनका लागि विभिन्न मेला महोत्सव आयोजना गर्दै आइरहेको छ।
- आ.व. २०८१/०८२ मा वृद्धिमुखी उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन (Growth Entrepreneurship and Employee Promotion - GEEP) कार्यक्रम पाँच वटा स्थानीय तहमा पाइलट प्रोग्रामका रूपमा सञ्चालन गरिएको छ।

# वन तथा वातावरण मन्त्रालय

**समुदायको आर्थिक समृद्धि तथा सामाजिक समावेशीकरण तर्फः**

- २५ हजार भन्दा बढी महिला, दलित र जनजाति समेत समावेश भएका समुदायमा आधारित वन समूहमा ५० हजार जनाभन्दा बढी व्यक्तिहरू समितिमा समावेश भएका छन्। उक्त समूहहरूबाट करिब १२ लाख क्यू.फिट काठ र २५ हजार चट्टा दाउरा उत्पादन भई आन्तरिक प्रयोगमा ल्याइएको छ भने ३ अर्व ८० करोड भन्दा बढी रकम समूहको कोषमा जम्मा भई विभिन्न वन संरक्षण विकास, सामाजिक सशक्तिकरण, गरिबी न्यूनीकरण र ग्रामीण पूर्वाधार विकासमा स्थानीय तहसँग समेत समन्वय गरी खर्च गरिएको छ।

**राष्ट्रिय अर्थतन्त्र र प्राकृतिक श्रोत संरक्षणमा योगदानतर्फ-**

- वन पैदावार बिक्री, जडीबुटी संकलन र अन्य कार्यबाट रु. १ अर्व १३ करोड ५० लाख १२ हजार ३ सय ८८ राजश्व संकलन भएको छ।
- राष्ट्रिय वन तथा निजी वनबाट करिव ६५ हजार क्यु.फिट काठ, १२ हजार १ सय ४३ चट्टा दाउरा उत्पादन भएको छ भने ८ लाख २ हजार ६ सय २९ किलोग्राम जडीबुटी उत्पादन तथा संकलन भएको छ।
- वार्षिक स्वीकृत कार्यक्रमको कार्यान्वयन, वन पैदावरको संकलन र अन्य विभिन्न कामहरूबाट करिब २५ लाख भन्दा बढी श्रमदिनको रोजगारी सिर्जना भएको छ।
- डिभिजन वन कार्यालयहरूमा उच्च प्रविधियुक्त नर्सरी स्थापना गरी विभिन्न प्रजातिका कुल ८७ लाख २ हजार १ सय ४२ विरुवा उत्पादन भई सार्वजनिक र निजी क्षेत्रमा वृक्षारोपणका लागि निःशुल्क रूपमा वितरण गरिएको छ।
- विभिन्न स्थानीय तहमा २ सय २८ वटा हरित उद्यान स्थापना र ६७ वटा सामुदायिक वनमा पर्यापर्यटनका कार्य सञ्चालन गरिएको छ।
- प्रदेशभर ७६ वटा वर, पीपल, समी र चौतारोको निर्माण, मर्मत सम्भार र सौन्दर्यकरण गरिएको छ।
- ४९ वटा सःमिल, ८ सय ५० वटा फर्निचर, १९ वटा जडीबुटी प्रशोधन केन्द्र लगायतका वनजन्य उद्यम स्थापना गरिएको छ।
- विभिन्न प्रजातिका १० वटा बन बीउ बगैंचा ( Breeding seed orchard)को व्यवस्थापन गरिएको छ।
- विभिन्न प्राथमिकता प्राप्त ५५ वटा आयोजनालाई ५ सय २६ हेक्टर वन क्षेत्र उपलब्ध गराउन र भोगाधिकारका लागि सिफारिस गरिएको छ।
- १०.३ हेक्टर वन अतिक्रमण नियन्त्रण गरिएको छ।
- हरियाली प्रवर्द्धन, दैनिक जीवनयापन तथा क्षतिग्रस्त भूमि संरक्षण कार्यका लागि करिव २ हजार १०० हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिएको छ।

- ८ वटा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र ४ वटाप्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत भएको छ।
- समस्याग्रस्त घाइते र टुहुरा वन्यजन्तुको उद्धार र व्यवस्थापन गर्न पोखरा महानगरपालिकाको पचभैयामा प्रदेशस्तरीय प्राणी उद्यान तथा उद्धार केन्द्र निर्माणको काम भइरहेकोछ।
- वन्यजन्तु संरक्षण कार्य तर्फ ४ हजार २ सय ५० वन्यजन्तुको उद्धार गरिएको छ।
- वन्यजन्तुबाट भएको क्षतिको राहत स्वरूप पीडितलाई रु ९ करोड ६० लाख राहत वितरण गरिएको छ।
- फेवाताल किनारमा १ हजार ४०० मिटर फुट ट्र्याक र हरित पार्क निर्माण गरिएको छ।
- फेवातालको संरक्षणका लागि प्रदेश सरकार तथा पोखरा महानगरपालिकाको ५०/५० प्रतिशत लगानीमा ४ वटा सिल्टेसन ड्याम निर्माण सम्पन्न भएको छ।
- रामसारमा सूचीकृत पोखरा उपत्यका ताल क्लष्टरका नौ ताल समेत ४५ वटा तालमा संरक्षण र पूर्वाधार निर्माणका कार्य भएको छ।
- ३६० भन्दा बढी गल्छी पहिरो नियन्त्रण, ९० स्थानमा ३५ किलोमिटर खोला किनारा संरक्षण, २०० जलाधार संरक्षण पोखरी, १ सय २८ पानी मुहान संरक्षण, ४० वटा सिँचाइ कुलो निर्माण तथा मर्मत, ३० कि.मि. सडक पाखा संरक्षण, ३० वटा संवेदनशील जलाधार क्षेत्रको संरक्षण लगायतका कार्य सम्पन्न भई करिव १०० हेक्टर खेती योग्य जमिन संरक्षण, ९० हेक्टर क्षति ग्रस्त भूमि पुनर्स्थापना भएको छ।

# ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

- प्रदेश सरकार गठन हुँदा राष्ट्रिय प्रसारण लाइन र नवीकरणीय ऊर्जा मार्फत् विद्युतमा पहुँच पुगेका घरधुरी ८७.९० प्रतिशत रहेकोमा हाल वृद्धि भई ९९.५५ प्रतिशत पुगेको छ। विद्युत सुविधा पुग्न बाँकी रहेका ०.४५ प्रतिशत घरधुरीलाई राष्ट्रिय प्रसारण लाईनको पहुँचमा ल्याउनका लागि बागलुङ, नवलपरासी (ब.सु.पू.) र तनहुँ जिल्लामा संचालित योजनाहरू अन्तिम चरणमा पुगेका छन्।
- हालसम्म ९२ वटा लघु जलविद्युत् आयोजनाको मर्मतसम्भार गरी जम्मा ३ हजार ४ सय ३३ किलोवाट विद्युत् नियमित गरिएको छ, जसबाट १६ हजार ८६ घरधुरी लाभान्वित भएका छन्।
- स्याङ्जाको ९८ किलोवाट क्षमताको पुतपुते खोला दोस्रो लघु जलविद्युत् आयोजनालाई राष्ट्रिय प्रसारण लाइनसँग जोडिएको छ।
- हालसम्म राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका गोरखा, म्याग्दी, मनाङ, मुस्ताङ र बागलुङ जिल्लाका १ हजार ५ सय ९६ घरधुरीमा प्रदेश सरकारको ७५ देखि ९० प्रतिशत सम्मको सहुलियतमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरिएको छ।
- गण्डकी प्रदेश सरकारका विभिन्न मन्त्रालय, कार्यालय, स्वास्थ्य चौकी तथा सामुदायिक विद्यालयहरूमा गरी कूल २ सय ४१ किलोवाट पिक क्षमताको संस्थागत सौर्य ऊर्जा प्रविधि जडान सम्पन्न भएको छ।
- हालसम्म ३० हजार ४ सय ८१ वटा विद्युत वितरण लाईनमा रहेका जीर्ण काठेपोल प्रतिस्थापन मार्फत १ लाख ४९ हजार ४ सय ६७ जना लाभान्वित भएका छन्।
- गण्डकी गाउँपालिका-८, पालुङटार नगरपालिका-५, गोरखा नगरपालिका-१०, पोखरा महानगरपालिका-२७, वालिङ नगरपालिका-८ र देवचुली नगरपालिका-१ र १४ मा गरी जम्मा २ सय ९५ थान सौर्य सडक बत्ती र स्मार्ट सडक बत्ती जडान कार्य सम्पन्न गरिएको छ।
- सतह सिँचाइ, नयाँ प्रविधिमा आधारित र भूमिगत स्यालो तथा डिप ट्युववेल आयोजनाहरू कार्यान्वयनबाट जम्मा ६ हजार ३ सय ८४ हेक्टर जमिनमा नयाँ सिंचित कमाण्ड क्षेत्र विस्तार गरिएको छ, जसबाट गण्डकी प्रदेशमा सिँचाइको आधुनिक पूर्वाधार विकास भई भरपर्दो सिंचित क्षेत्रफल कूल ६८ हजार ७ सय ९३ हेक्टर पुगेको छ। खेती योग्य जमिनमा बाह्रैं महिना सिँचाइ सुविधा पुर्याउन गत ७ वर्षको अवधिमा स्याङ्जाको चापाकोटटार, तनहुँको अत्रौलीपुट्टार, पर्वतको फलेवास र लमजुङको रम्घाटार गरी ४ वटा महत्वपूर्ण सिँचाइ प्रणालीको नवीकरण कार्य सम्पन्न भई कुल १ हजार ८ सय १५ हेक्टर जमिनमा सिँचाइ सुविधा नियमित भएको छ। परम्परागत कृषक कुलोको सुधार, स्तरोन्नति तथा पुनर्स्थापनाबाट २७ हजार ३ सय ५९ हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा नियमित भएको छ।

- चालु आ.व.को पौष सम्ममा नयाँ आयोजनको विकासबाट १ सय हेक्टर, मौजुदा सिँचाइ प्रणालीहरूको पुनर्स्थापना तथा सुधार, कृषक कुलो सुधार र स्तरोन्नतिबाट जम्मा १ सय ५८ हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलव्ध भएको छ।
- स्याङ्जा जिल्लाको गल्याङ नगरपालिकाको लबरकोटमा हाइड्रोलिक पम्प जडान गरी बाह्य उर्जा बिना नहरको पानीबाट ६ लिटर प्रति सेकेण्ड पानी ७० मीटर माथिको डाडामा तानेर करिव ८ हेक्टर जमिनमा सिँचाइ गर्ने कार्यको परिक्षण सफल भई सिँचाइ भइरहेको छ। तनहुँ जिल्लाको व्यास नगरपालिका १० स्थित दुम्सीचौरमा १० मीटर उचाइको बहूउद्देश्यीय जलाशयको निर्माण कार्य प्रारम्भ भएको छ।
- आ.व. २०८०/८१ देखि सामुदायिक लिफ्ट सिँचाइ योजनामा खपत हुने विद्युत महशुलमा मापदण्ड बनाइ शत प्रतिशतसम्म विद्युत महसुल अनुदानको व्यवस्था मिलाइएको छ।
- गोरखाको दरौंदी नदी, मुस्ताङ्गको कालीगण्डकी, कास्कीको अर्मला क्षेत्र संरक्षण र कालीखोला, तनहुँको मादी नदी, नवलपरासी (ब.सु.पू.)को गिरूवारी खोला र स्याङ्जाको आँधिखोलामा व्यवस्थित तटबन्ध निर्माण गरिएका छन्। खर्चिला ग्याबियन जालीको विकल्पमा ठुल्ठुला ढुङ्गा प्रयोग गरी तटबन्ध गर्न सम्भाव्य स्थान छनौट गरी बोल्डरबाट तटबन्ध निर्माण कार्यलाई इन्जिनियरिङ्ग अभ्यास भित्र ल्याई कार्य सुरूवात गरिएको छ। नदी नियन्त्रण/तटबन्ध सम्बन्धी योजनाहरू हालसम्म १ सय २८ किलोमिटर तटबन्ध निर्माण सम्पन्न गरी बस्ती, बजार, जग्गा, भौतिक र सांस्कृतिक सम्पदाको संरक्षण भएको र ३ हजार ३ सय ७३ हेक्टरजग्गा उकास भएको छ।
- पोखरामा रहेको भूमिगत जलस्रोत तथा सिँचाइ कार्यालयलाई कार्य प्रकृतिको आधारमा चालु आ.व. देखि नवलपरासी (ब.सु.पू.) मा स्थानान्तरण गरिएको छ।
- प्रदेश सरकारले घोषणा गरेको 'एक घर-एक धारा' कार्यक्रम अन्तर्गत हालसम्म गण्डकी प्रदेश सरकारबाट १ लाख ५२ हजार ४ सय २ निजी धारा जडानगरी ६ सय ९७ हजार २ सय ३४ जना लाभग्राही लाभान्वित भएका छन्। यसरी तीनै तहका सरकारको संयुक्त प्रयासबाट प्रदेशका ६४% घरधुरीमा निजी धारा जडान भएका छन्।
- राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता (NWASH) कार्यक्रम अन्तर्गत हालसम्म ११ वटा स्थानीय तहको खानेपानी सुविधा सम्बन्धी तथ्याङ्कको संकलन भैसकेको साथै ७३ वटा स्थानीय तहसँग त्रिपक्षीय सम्झौता भई कार्यक्रम संचालनमा रहेको छ।
- आ.व. २०७९/८० देखि सामुदायिक लिफ्ट खानेपानी आयोजनामा खपत हुने विद्युत महशुलमा मापदण्ड, २०७९ अनुसार शत प्रतिशतसम्म विद्युत महसुल अनुदानको व्यवस्था मिलाइएको छ।

# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

- कृषकलाई उन्नत बीउ-बिजन, गुणस्तरीय बेर्नातथा आधुनिक प्राविधिक सेवा उपलब्ध गराउन स्रोत केन्द्रहरू, बिउ-बिजन प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, माटो तथा मल परीक्षण प्रयोगशाला र भेटेरिनरी प्रयोगशालाको सुदृढीकरण तथा सेवा विस्तार गर्दै लगिएको छ।
- माटो तथा मल परीक्षण प्रयोगशाला मार्फत Heavy metal को परीक्षण र बाली संरक्षण प्रयोगशाला मार्फत सिट्रस ग्रिनिङको PCR तथा ELISA Test सुरुवात गरिएको छ।
- कास्कीमा आधुनिक भेटेरिनरी मोडेल हस्पिटल निर्माण सम्पन्न भई विशिष्टिकृत सेवा प्रवाह सुरुवात गरिएको छ। तनहुँमा भेटेरिनरी मोडेल हस्पिटल निर्माणाधीन अवस्थामा रहेको र चालु आ.व.मा सम्पन्न भई सेवा प्रवाह हुने अपेक्षा गरिएको छ।
- पशुपन्छीको खोप उपलब्धता सुनिश्चित गर्नका लागि भ्याक्सिन बैंक सञ्चालनमा ल्याइएको छ।
- प्रदेश क्षेत्राधिकार भित्रका सहकारी संघ/संस्थाको संख्या ९ सय ३९ वटा रहेकोमा २३ वटा सहकारी संस्था र एउटा प्रदेश कृषि संघ प्रदेशमा दर्ता भएको छ। हालसम्म ५ सय १९ सहकारीको विवरण अद्यावधिक गरिएको छ।
- समस्याग्रस्त सहकारी पहिचान गर्ने सन्दर्भमा २५ वटा सहकारी संघ/संस्था संख्याको अनुगमन, १६ वटा सहकारी संस्थाको वित्तीय विश्लेषण सहित छानबीन र १२ वटा सहकारी संघ/संस्थालाई थप अनुसन्धानका लागि सम्बन्धित निकायमा लेखी पठाइएको, ८ वटा सहकारीलाई जरिवाना गरिएको, १२ वटालाई स्पष्टीकरण/सफाई माग/निर्देशन गरिएको, ९ वटाको विनियम संशोधन स्वीकृत गरिएको, कार्यालयको सम्पर्कमा नरहेका २५ वटा सहकारी संघ/संस्था पहिचान तथा खोजी गरिएको, ५ वटा सहकारी व्यवस्थापन तालिम र सहकारी लेखा व्यवस्थापन तालिम प्रदान गरिएको छ।
- जग्गा चक्लाबन्दी कार्यक्रम मार्फत प्रदेशका ९ जिल्लाका २८ स्थानमा कुल ५ हजार ४ सय रोपनी खेतीयोग्य भूमिको चक्लाबन्दी गरिएको, साथै उक्त कार्यक्रममा संलग्न ७ वटा कृषक समूह/कृषि सहकारीलाई यन्त्र उपकरण खरिदमा सहयोग गरिएको छ।
- लमजुङको दूधपोखरी गा.पा.-२ मा बस्ती विकास कार्यक्रम सञ्चालन मार्फत ८१ रोपनी जग्गा एकीकृत गरी एकीकृत बस्तीको लागि जग्गा विकास गरिएको छ।
- कित्ता नापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने कार्यक्रम तर्फ १ सय वटा कन्ट्रोल पोईन्ट स्थापना गरिएको,२ सय कि.मी. बाटोको फिल्ड सर्भे सम्पन्न गरी १६ कि.मी. बाटोको लगत तयार गरी लगत कट्टीका लागि आवश्यक प्रकृया अगाडि बढाइएको छ।
- प्रदेश भित्रका सबै स्थानीय तहका ८७ स्थानमा मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रम सञ्चालन गरिएकोमा हालसम्म १ सय ७ हेक्टर जग्गामा बेमौसमी तरकारी खेती, २ सय ८० हेक्टरमा सुन्तलाजात फलफूल, १९ हेक्टरमा चिया/कफी, २६ हेक्टरमा अलैची, २ हेक्टर अदुवा/बेसार खेती विस्तार गरिएको छ।

- पशुपंक्षीतर्फ वंगुर, बाख्रा, कुखरापालनको लागि साना ठुला गरी ७ सय ९६ वटा आधुनिक खोर निर्माणमा सहयोग गरिएको छ।यस्तै उत्पादन र उत्पादकत्व वृद्धि गर्नघाँस खेती प्रवर्द्धन रपशुवस्तुको औषधि उपचारमा सहयोग पुऱ्याइएको छ। हालसम्म उक्त कार्यक्रमबाट १६ हजार १९ घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। ३२ नमुना गाउँहरूको संकटासन्नता विश्लेषण समेत गरिएको छ। साथै चालु आ.व. देखि जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन कार्यक्रम संचालनमा ल्याइएको छ।
- व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन गर्ने उद्देश्यले ३ हजार ३ सय २० वटा व्यवसायिक कृषि तथा पशुपन्छी फार्म स्थापना तथा विस्तार गरी ३ हजार ९ सय १४ जना व्यक्ति स्वरोजगार भएका छन्।
- आ.व. २०७९/८० सम्म गण्डकी प्रदेशलाई प्राप्त ३.०२ % रासायनिक मल वितरणको कोटामा वृद्धि भई आ.व. २०८०/८१ देखि ४.९% निर्धारण भएकोले अनुदानको रासायनिक मलको आपूर्तिमा सहज भएको छ।
- स्याउ उत्पादनमा आत्मनिर्भर हुने उद्देश्यले संचालित स्याउ विशेष कार्यक्रम मार्फत १ हजार ४ सय ७७ रोपनीमा उच्च घनत्व प्रविधिमा आधारित स्याउ बगैंचा विस्तार गर्न सहयोग गरिएको छ। त्यस्तै ५ सय २७ रोपनी क्षेत्रफलमा ओखर वगैंचा र ६ हेक्टर क्षेत्रफलमा खुर्पानी बगैंचा विस्तार गरिएको छ। उक्त कार्यक्रममार्फत करिब ६०० जना व्यक्तिलाई रोजगारी सिर्जना भएको अनुमान गरिएको छ।
- कृषि उपजको उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण गर्दै बजार प्रवर्द्धन गर्ने उद्देश्यले हालसम्म कुल ६ हजार १ सय २२ मे.टन क्षमताका ७ वटा कोल्ड स्टोर साथै ७६ वटा कोल्ड रुम निर्माणमा सहयोग गरिएको छ।
- गोरखा, स्याङ्गजा र कास्कीमा ४ वटा प्राङ्गारिक मल कारखाना तथा एउटा बायोचार उत्पादन कारखानाको संरचना निर्माणका लागि सहयोग गरिएको छ।
- माटो तथा मल परीक्षण प्रयोगशालाबाट माटो जाँचको आधारमा माटोको अम्लीयपना सुधार गर्न मिसन कृषि चुन कार्यक्रम अन्तर्गत ७ सय २६ मे.ट. कृषि चुन कृषक समूह/सहकारीलाई उपलब्ध गराइएको छ।
- प्रशोधनयोग्य आलु उत्पादन र चैते धान प्रवर्धन आयोजना संचालन मार्फत क्रमशः २ सय ८२ हेक्टर र ८ सय १४ हेक्टरमा ६ हजार ३ सय १८ मे.टन प्रशोधनयोग्य आलु तथा ३ हजार ६ सय ६३ मे.ट. चैते धान उत्पादन गरिएको छ। यस कार्यक्रमबाट कुल ६ हजार ३ सय ९४ जना कृषक लाभान्वित भएका छन्। चालु आ.व.मा यस कार्यक्रमबाट ८ सय ३५ हे.मा आलु र १ हजार ५० हे. मा चैते धान उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालनमा रहेको छ।
- प्रदेशस्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम मार्फत हालसम्म २ जना सर्वोत्कृष्ट र ६ जना उत्कृष्ट कृषकलाई पुरस्कृत गरिएको छ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत प्रदेशमा हालसम्म पुरानो र नयाँ गरी ४ सय ५९ वटा पकेट र ३ सय ९ वटा ब्लक स्थापना भई कृषि पूर्वाधार विकास, क्षमता अभिवृद्धि, रोजगारी र कृषकको आम्दानीमा वृद्धि भएको छ।
- जलवायुजन्य प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा हुने असरको न्यूनीकरण तथा जलवायुमैत्री कृषि प्रविधि प्रसार गर्न साप्ताहिक रूपमा गण्डकी कृषि मौसमी सल्लाह बुलेटिन प्रकाशन गरी प्रचार-प्रसार गर्दै आइएको छ।
- १ हजार २ सय २४ वटा साना सिँचाइ पूर्वाधार विकास आयोजना मार्फत नयाँ सिँचाइ संरचना निर्माण तथा पुराना संरचना मर्मत गरी करिब १ हजार ७ सय ३६ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगी १५ हजार ९ सय ९० घरधुरी लाभान्वित भएका छन्।
- पहाडीक्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना(सन् २०२२ देखि २०२९) मार्फत आयोजना अवधिमा प्रदेशका १० वटा जिल्ला र ३४ वटा स्थानीय तहमा २ हजार ५ सय हेक्टर फलफूल बगैंचा विस्तार गर्ने उद्देश्य लिइएकोमा हालसम्म २ सय ४२ हेक्टर क्षेत्रफलमा बगैंचा विस्तार सम्बन्धी कार्य अगाडि बढाइएको छ।
- ग्रामीण साना कृषि उद्यम विकास कार्यक्रम अन्तर्गत खाद्यान्न प्रशोधन तर्फ ६ वटा, मह प्रशोधन तर्फ ३ वटा, तरकारी प्रशोधन (मस्यौरा बनाउने, आलु चिप्स बनाउने) तर्फ ४ वटा, अचार/मसला प्रशोधन तर्फ २ वटा, फलफुल प्रशोधन (जुस बनाउने) तर्फ एउटा र च्याउ प्रशोधन (सुकुटी बनाउने) तर्फ एउटा गरी १६ वटा साना उद्योग सञ्चालनमा उद्यमीलाई सहयोग उपलब्ध गराइएको छ।
- आ.व. २०७७/७८ देखि कृषि ऋणको ब्याज अनुदान कार्यक्रम कार्यान्वयनमा ल्याइएको, कृषि बीमामा नि:शुल्क बनाइ प्रोत्साहन गरिएको, विपन्न बस्तीहरू पहिचान गरी विपन्न समुदायको जीविकोपार्जन सुधारका कार्यक्रमहरू कार्यान्वयन ल्याइएको, रैथाने बाली संरक्षण तथा प्रवर्धनात्मक कार्यक्रम, ग्रामीण पोषण सुरक्षा कार्यक्रम निरन्तर कार्यान्वयनमा रहेका छन्।
- राष्ट्रिय फल सुन्तलाको उत्पादन प्रवर्द्धनका लागि ३ सय २० हेक्टरमा बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन गरिएको साथै समस्याग्रस्त बगैंचाबाट नमूना संकलन गरी PCR परीक्षण गरिएको छ।
- जातीय सुधारका लागि याक आनुवांशिक स्रोत केन्द्र, स्याङ्बोचेबाट उच्च नश्लका १९ वटा याक खरिद गरी मुस्ताङ्गमा १० वटा र मनाङमा ९ वटा याक वितरण गरिएको छ।
- पशुपालन क्षेत्रमा चुनौतीको रूपमा रहेका प्रमुख संक्रामक रोगहरूको नियन्त्रण गर्ने उद्देश्यले आ.व. २०७७/७८ बाट "पशुमा पूर्ण खोप कार्यक्रम" मार्फत अभियानको रूपमा पशुमा लाग्ने ६ वटा संक्रामक रोगहरू (खोरेत, भ्यागुते र चरचरे, पि.पि.आर. तथा रेबिज) विरुद्ध वृहत् खोप कार्यक्रम सबै स्थानीय तहमा विस्तार गरिएको छ। साथै पशु चौपायामा महामारीको रूपमा देखिएको लम्पीस्किन रोग तथा अफ्रिकन स्वाईन फिभर नियन्त्रण गर्न खोपको प्रबन्ध गरिएको छ।
- उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रममार्फत ९ करोड ५० लाख लिटर दूधमा अनुदान दिई ५ हजार ६ सय ८४ किसान लाभान्वित भएका छन्। साथै दूधको गुणस्तर कायम गर्दै बजार सुनिश्चित गर्न ४६ वटा दुग्ध चिस्यान केन्द्र स्थापनामा सहयोग गरिएको छ।

- पाडीबाच्छी हुर्काउने कार्यक्रम मार्फत हालसम्म ६ हजार ३२ वटा पाडीबाच्छी हुर्काउन प्रोत्साहन गरिएको छ त्यस्तै ४० हेक्टर क्षेत्रफलमा माछापालन विस्तार गरिएको छ।
- छाडा पशु वस्तु तथा वन्यजन्तु नियन्त्रण गर्न पशु कल्याण सहयोग कार्यक्रम कास्की, नवलपरासी (ब.सु.पू.), स्याङजा र पर्वत गरी ५ स्थानमा संरचना निर्माणमा सहयोग उपलब्ध गराइएको छ।

# सफलताको कथा

**निरन्जन पाण्डे(पाण्डे मत्स्य फार्म)**

**नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)जिल्ला, कावासोती नगरपालिका वडा नं १५**

पाल्पा जिल्लाबाट २०३५ सालमा बसाइँसराइ गरी हाल नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)जिल्ला, कावासोती नगरपालिका वडा नं. १५ बस्ने बुबा रोमकान्त पाण्डेले २०४६ सालबाट सुरुवात गरेको मत्स्यपालन व्यवसायलाई बुबाको निधनपछि छोरा निरन्जन पाण्डेले २०६१ सालबाट पाण्डे मत्स्य फर्म दर्ता गरी संचालन गर्दै आउनुभएको छ। केही टुक्रा जमिनबाट सुरुवात भएको व्यवसाय हाल ४ विघा जमिनमा फैलिएको छ। व्यवसायी पाण्डेले वार्षिक १३० क्विन्टल माछा बिक्री गर्दै आउनुभएको छ। ३ स्थायी र ८ अस्थायी रोजगारी सृजना गर्न सकेको उक्त व्यवसायबाट पाण्डेले ४ जनाको परिवार सहज तरिकाले पालनपोषण गर्न सक्षम हुनुहुन्छ। विभिन्न समयमा संघीय र प्रदेश सरकारबाट तालिम, यान्त्रीकरण र पोखरीको क्षेत्र विस्तार गर्न सहयोग पाएका पाण्डेले आ.व. २०७८/७९ र २०७९/८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञबाट संचालित माछाको ब्लक विकास कार्यक्रमबाट आफ्नो पोखरीको क्षेत्र विस्तार गर्नुको साथै सहयोग भएको पेलेटिङ मेसिनले आफै माछाको दाना समेत उत्पादन गरिरहनु भएको छ। उहाँ गण्डकी प्रदेश सरकारमार्फत प्रदेशस्तरीय उत्कृट्ट कृषकबाट समेत सम्मानित हुनुभएको छ। आर्थिक अवस्था सुधार गर्न किसानलाई माछापालन व्यवसायमा लाग्ने सल्लाह दिदै पाण्डेले भविष्यमा जलाशय वृद्धि, दाना र माछाको भुरा उत्पादन तथा बिक्री वितरण गर्ने योजना रहेको छ।



**पदमबहादुर तामाङ(आरोस अर्गानिक कृषि फर्म)**
**माछापुच्छ्रे-९, सैतीखोला, कास्की।**

पन्ध्र वर्षसम्म वैदेशिक रोजगारी (साउदी अरब) मा कार्यरत रही २०७५ सालदेखि १ वटा प्लाष्टिक टनेल बनाइ तरकारी खेती सुरुवात गर्नुभएको थियो। सञ्चालित फार्मबाट भएको आम्दानीलाई पुनः लगानीमा जोड दिदै व्यवसाय विस्तार गर्दै हाल ३० वटा टनेलसहित २० रोपनीमा तरकारी खेती गर्दै आउनुभएको छ। साथै २० रोपनीमा अलैंचीखेती, ५०० जति ब्रोइलर तथा लोकल कुखुरापालन र २ वटा दुधालु भैंसीसमेत पालन गर्नुभएको छ। फार्मको लागि चाहिने प्राङ्गारिक मल आफै तयार गर्दै आउनुभएको छ। उहाँले सुरुवाती अवस्थामा उत्पादित कृषि उपज डोकोमा बोकी गाउँगाउँमा बिक्रीवितरण गर्दै हिडेको र हाल कृषि उपजको बजारीकरणको लागि पोखराका व्यापारीहरू सम्पर्कमा रहेकोले बजार समस्या नरहेको बताउनुहुन्छ। हाल बाह्य ३ जनालाई पूर्ण रोजगारी, परिवारबाट २ जना (१ पूर्ण र १ आंशिक) रोजगारी र मौसम अनुसार वार्षिक १५० दिन बाह्य रोजगारी सिर्जना भएको। उहाँले फार्ममा हालसम्म करिब ८० लाख रुपैयाँ लगानी गर्नुभएको छ। उहाँले विभिन्न समयमा प्रदेश सरकार अन्तर्गत कृषि ज्ञान केन्द्रबाट प्रोत्साहन सहयोग प्राप्त गर्नुभएको छ। वार्षिक करिब २५ लाख कुल आम्दानी हुने गरेको र खर्च कटाई वार्षिक करिब १० लाखभन्दा बढी खुद मुनाफा हुने गर्नुभएको छ। उहाँ विगतमा पोखरा महानगरपालिका, कृषि सहकारी लगायत आ.व. २०८०/८१ मा गण्डकी प्रदेश सरकारमार्फत प्रदेशस्तरीय उत्कृत्ट पुरस्कारबाट सम्मानित हुनुभएको छ। आगामी दिनमा अलैची खेतीको विस्तार गरी ५० रोपनीसम्म पुऱ्याउने, तरकारी खेतीको लागि हाल ३० वटा टनेललाई १०० संख्यामा पुऱ्याउने, लोकल कुखुरापालनमा जोड दिने उहाँको उद्देश्य रहेको छ।



# प्रदेश नीति तथा योजना आयोग

**समष्टिगत आर्थिक अवस्थाः**

- गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा आ.व. २०८०/८१ का लागि करिब रु. ५ खर्ब १७ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आ.व. २०७९/८० मा करिब रु. ४ खर्ब ८४ अर्ब रहने संशोधित अनुमान गरिएको थियो।
- आ.व. २०७९/८० मा प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा ९.०६ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान गरेकोमा आ.व. २०८०/८१ सो अनुमान हासिल गरेको देखिन्छ। साथै प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर आ.व. २०८०/८१ मा ४.५५ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आ.व. २०७९/८० मा ३.३० प्रतिशत रहने संशोधित अनुमान गरिएको थियो।
- आ.व. २०८०/८१ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै (२५.७२ प्रतिशत) योगदान कृषि, वन तथा मत्य क्षेत्रको रहने र सबैभन्दा न्यून (०.३१ प्रतिशत) योगदान प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहने प्रारम्भिक अनुमान रहेको छ।
- गण्डकी प्रदेशमा क्षेत्रगत रूपमा हेर्दा चालु आ.व. २०८०/८१ का लागि कुल मूल्य अभिवृद्धिको वृद्धिदर सबैभन्दा धेरै (२२.८४ प्रतिशत) आवास तथा भोजन सेवा क्षेत्रको र सबैभन्दा थोरै (-१.९६ प्रतिशत) निर्माण क्षेत्रको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, गत आ.व. २०७९/८० का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै (२१.९७ प्रतिशत) विद्युत क्षेत्रको र सबैभन्दा थोरै (-२.७६ प्रतिशत) थोक तथा खुद्रा व्यापार र मोटर गाडी मर्मत क्षेत्रको रहने संशोधित अनुमान गरिएको छ।

**प्रदेशको कुल गार्हस्थ वृद्धिदर**

- आ.व. २०८०/८१ को प्रारम्भिक अनुमान- ४.५५
- आ.व.२०७९/८० को संशोधित अनुमान- ३.३०
- आ.व. २०७८/७९ को अन्तिम तथ्याङ्क बमोजिम- ५.८८

**प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन**

- आ.व. २०८०/८१ को प्रारम्भिक अनुमान- $१५५७
- आ.व.२०७९/८० को संशोधित अनुमान- $१४९९
- आ.व. २०७८/७९ को अन्तिम तथ्याङ्क बमोजिम- $१४८८
- आ.व. २०८०/८१ को प्रारम्भिक अनुमान(राष्ट्रिय)- $१४३४

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय काठमाडौं, २०८०)*

**योजनातर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनः**

- गण्डकी प्रदेशको दोश्रो पञ्चवर्षीय योजना(२०८१/८२- ०८५/८६) को तर्जुमा भई कार्यान्वयनमा रहेको छ।
- गण्डकी प्रदेश आयोजना बैंक कार्यविधि- २०८१ आयोगको बैठकबाट स्वीकृत भई मन्त्रिपरिषद् बाट स्वीकृतिको चरणमा रहेको छ।
- वार्षिक बजेटसँगै मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी पञ्चवर्षीय योजनालाई वार्षिक बजेटसँग तादात्म्यता मिलाउने गरिएको छ।
- प्रदेश स्तरका आयोजनाहरूको कार्यान्वयनमा प्रभावकारीता ल्याउन अनुगमन मूल्यांकन तथा क्षमता अभिवृद्धिका लागि नियमित रूपमा अभिमुखीकरण गरिएको छ।
- प्रदेश दिगो विकास लक्ष्य समन्वय समिति, प्रदेश विकास समस्या समाधान समिति जस्ता संयन्त्रको नियमित क्रियाशीलता मार्फत विकासका समस्याहरूको समाधानको प्रयत्न गरिएको छ।
- आयोगका पूर्ण बैठक र नियमित बैठक आवश्यकता अनुसार समयमै हुने गरेको छ।
- प्रदेशको एकीकृत तथ्याङ्क प्रणालीका लागि सफ्टवेयर निर्माण भई भएको र क्षेत्रगत तथ्याङ्कहरू प्रविष्टि गरी तथ्याङ्क प्रणालीलाई व्यवस्थित गर्नको लागि यस आ.व.मा बजेट विनियोजन भएको छ।
- विभिन्न अनुसन्धानमूलक अध्ययन/अनुसन्धान प्रतिवेदनहरूको निर्माण तथा कार्यान्वयनका लागि सम्बन्धितसँग सहकार्य हुने गरेकोः
- आयोगको स्थापना पश्चात भए गरेका अध्ययन अनुसन्धान सम्वन्धि प्रतिवेदनको विवरण आ.व २०७९/८० सम्मको यस अघिनै पेश भएकोमा आ.व २०८०/८१ मा आयोगबाट भए गरेका अध्ययन/अनुसन्धान प्रतिवेदनहरूः

  १. विधालय सिकाई प्रभाव अध्ययन, २०८०

  २. गण्डकी प्रदेशको फोहोरमैला व्यवस्थापन सम्वन्धी अध्ययन, २०८०

  ३. प्रदेश सरकारका योजना कार्यान्वयनमा देखिएका समस्या निराकरण तथा न्यूनीकरणका लागि सुझाव सहित प्रतिवेदन, २०८०

  ४. गण्डकी प्रदेशको एकिकृत तथ्याङ्क प्रणालीको विकास (mivs.gandaki.gov.np)

  ५. गण्डकी प्रदेशमा जलस्रोतको अवस्था र भावी रणनीति सम्वन्धी अध्ययन २०८०

**हाल सम्मका विभिन्न विकास सम्वन्धी मार्गदर्शन/पुस्तकहरूको निर्माणः**

१. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७७

२. गण्डकी प्रदेशमा दिगो विकास लक्ष्य तथा स्थानियकरण मार्गदर्शन २०७९-८७

३. वजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांकेतीकरण गर्न सहयोगी स्रोत पुस्तिका २०७९

४. दिगो विकास लक्ष्यका आधार रेखा प्रतिवेदन,२०७६

५. गण्डकी प्रदेशको स्थितिपत्र २०७५

६. गण्डकी प्रदेशको आधार-पत्र २०८०

७. गण्डकी प्रदेश विकास पत्रिका प्रकाशन कार्यविधि, २०८१

८. आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**दोस्रो पञ्चवर्षीय योजनामा समष्टिगत रणनीतिः**



# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

- प्रतिष्ठानले स्थापनाको छोटो अवधिमा नै क्वालिटी अष्ट्रियाबाट गुण व्यवस्थापन प्रणालीका लागि आइ.एस.ओ. ९००१:२०१५ प्रमाण पत्र प्राप्त गरेको छ भने इन्टरनेशलन क्वालिटी नेटवर्कको सदस्य बन्न सफल भएको छ।

**तालिम तथा प्रशिक्षणतर्फ**

- संघ, प्रदेश र स्थानीय तहमा कार्यरत रा.प.अनं. प्रथम/द्वित्तीय श्रेणी तथा सहायकस्तर चौथो/पाँचौ तहका कर्मचारीका लागि सेवाकालीन तालिम पाठ्यक्रम निर्माण गरिएको।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरी आ.व. २०७७/०७८ मा ११६ जना, आ.व २०७८/७९ मा ११२ र आ. व. २०७९/८० मा ५६ जना र आ.व. २०८०/८१ मा ८९ जना गरी कुल ३७३ जना सहायकस्तर कर्मचारीलाई ३० कार्यदिने सेवाकालीन तालिम प्रदान गरिएको।
- प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका अधिकृतस्तरका कर्मचारीहरूका लागि ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम निर्माण गरिएको।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरी आ.व. २०७९/८० मा ५८ जना र आ.व. २०८०/८१ मा ८९ जना गरी कुल १४७ जना अधिकृत कर्मचारीलाई ३० कार्यदिने सेवाकालीन तालिम प्रदान। आ व २०८१/०८२ को हालसम्म १२० जना कर्मचारीलाई ३० कार्यदिने सेवाकालीन तालिम प्रदान गरिएको।
- सेवाकालीन तालिम सञ्चालन नथा व्यवस्थापन कार्यविधि निर्माण गरिएको।
- सेवा प्रवेश तालिमका लागि ५ दिने पाठ्यक्रम निर्माण गरी स्थानीय तहमा कार्यरत ३१५ कर्मचारीलाई सेवा प्रवेश तालिम प्रदान गरिएको।
- आ व २०८१/०८२ मा अधिकृतस्तरको १५ दिने सेवा प्रवेश तालिम पाठ्यक्रम निर्माण गरी ६० जना नवप्रवेशी सातौं तहका अधिकृतहरुलाई सेवा प्रवेश तालिम सञ्चालन।
- प्रदेश लोक सेवा आयोगबाट प्रदेश र स्थानीय तहमा सिफारिस भएका कुल ११२१ जना कर्मचारीलाई सेवा प्रवेश सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको।
- लोक सेवा आयोगबाट प्रदेश मन्त्रालयका लागि सिफारिस भएका २२ जना इन्जिनियरलाई सेवा प्रवेश तालिम प्रदान गरिएको।
- प्रदेशका मन्त्री सभासद तथा सचिवहरुलाई कुटनीतिक शिष्टाचार तथा ड्रेस कोड सम्बन्धी तालिम प्रदान गरिएको।
- दशौं तहका अधिकृतका लागि ४५ दिने सेवाकालीन तालिम पाठ्यक्रम निर्माण
- पहिलो पटक युवा नेतृत्व क्षमता विकास तालिम सञ्चालन गरिएको।
- स्थापना देखि २०८१ पौष मसान्तसम्म १८ हजार ६ सय ५१ जना जनप्रतिनिधि र कर्मचारी क्षमता विकासका कार्यक्रमबाट लाभान्वित भएको।

## स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा योगदान

प्रदेश भित्रका सबै स्थानीय तहमा लैंगिक उत्तरदायी GRB, संस्थागत क्षमता, स्वमूल्यांकन LISA, वित्तीय सुशासन जोखिम मूल्यांकन FRA, मध्यमकालीन खर्च संरचना MTEF, निर्वाचित जनप्रतिनिधिका लागि आधारभूत तालिम, सार्वजनिक खरिद सम्बन्धी तालिम, वातावरणीय प्रभाव मूल्याङ्कन, भवन संहिता, भौगोलिक सूचना प्रणाली सम्बन्धी तालिम। वडा सचिवका लागि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम प्रदान गरिएको छ। ४७ स्थानीय तहमा आवधिक योजना निर्माण, ६२ स्थानीय तहमा राजस्व सुधार कार्ययोजना निर्माण, ४९ स्थानीय तहमा क्षमता विकास योजना तर्जुमा, ६८ स्थानीय तहमा लैससास रणनीति निर्माण ६९ स्थानीय तहमा लैससास परीक्षण प्रदेश सरकार र स्थानीय तह बीचको अन्तर सम्बन्धको विकासमा योगदान।

## प्रदेश तहका कार्यालयको क्षमता अभिवृद्धिमा योगदान

स्थानीय तहमा जस्तै प्रदेश तहका कार्यालयका लागि समेत विभिन्न किसिमका तालिम तथा क्षमता विकासका कार्यक्रमको आयोजना

## अध्ययन तथा अनुसन्धान

- अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन (Intergovernmental Relations in Federal Nepal: A Study of the Gandaki Province)
- स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन (Local Economic Development in Federal Context : A study of the Status and Prospect of Local Economic Development at Local Level)
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रदान गरेका तालिमको प्रभावकारिता अध्ययन (Impact Study of the Capacity Development interventions of GPTA)

## सवाल केन्द्रित संवाद (Issue Based Discussion)

- प्रदेश कार्यपालिका र स्थानीय तहका लागि वित्तीय संघीयता र अन्तर सरकार सम्बन्ध सम्बन्धी संवाद (Experience from Spain, South Africa and Australia)
- गण्डकी प्रदेशमा निर्मित कानुन र कार्यान्वयनको अवस्था सम्बन्धी संवाद
- स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिका आधारभूत पूर्वाधार सम्बन्धी संवाद
- प्रशिक्षणमा गुणस्तर व्यवस्थापन प्रणाली सम्बन्धी संवाद
- प्रदेश सभासद्का लागि Fiscal Federalism, Sub-national Governance and IGR- Experience from South Africa सम्बन्धी संवाद

**प्रशिक्षण सामग्रीको उत्पादन र ज्ञान व्यवस्थापन**

- स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्री प्रकाशन र वितरण
- कार्यालय सहयोगी, सवारी चालक र सुरक्षा गार्ड तथा जिन्सी प्रशासन तथा व्यवस्थापन सम्बन्धी नियमित कार्यसम्पादनका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) को प्रकाशन र वितरण गरेको छ।
- आर्थिक प्रशासन सम्बन्धी आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) को प्रकाशन
- चौमासिक बुलेटिन प्रकाशन र वितरण गरेको छ।
- Virtual lab र ज्ञान केन्द्रको स्थापना गरेको छ।
- Surveillance camera को जडान र तालिम कक्षको अनुगमन गरेको छ।
- सर्भर प्रणालीको स्थापना र संस्थागत मेमोरीको व्यवस्था गरेको छ।
- तलिम हलमा स्मार्ट बोर्ड जडान गरेको छ।
- तलिम व्यवस्थापन सूचना प्रणाली स्थापना तथा वेबसाइट अद्यावधिक गरेको छ।

# मुख्यन्यायाधिवक्ताको कार्यालय

- प्रदेश सरकारको अधिकारको सुनिश्चितताका लागि मा. मुख्यमन्त्रीको निर्देशानुसार सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरूको सम्मेलनको संयोजन गरी प्राप्त सुझाव सहितको प्रतिवेदन नेपाल सरकार समक्ष बुझाइएको छ।
- महान्यायाधिवक्ताको कार्यालयले प्रदेशको शासकीय व्यवस्थालाई थप प्रभावकारी, सहभागिता मूलक र समावेशी तुल्याई नागरिक स्तरमा शासकीय अपनत्व स्थापना गर्नकार्यगत स्पष्टता (Functions), आर्थिक स्रोतको सुनिश्चितता (Finance) र प्रदेशको आफ्नो संयन्त्र (Functionaries) का लागि निरन्तर आवाज उठाएको छ।
- मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापनाकालदेखि जिल्ला तहदेखि सम्मानित सर्वोच्च अदालतसम्म उपस्थित भई प्रदेश सरकारको तर्फबाट प्रभावकारी रूपमा बहस पैरवी, प्रतिरक्षा र प्रमाण कागजात पेश गर्ने कार्य गरेको छ ।

*अदालती तहगत मुद्दाको विवरण*

| क्र.सं. | मुद्दा सङ्ख्या | अदालत | कैफियत |
|---|---|---|---|
| १ | ७२ | सर्वोच्च अदालत | |
| २ | १९ | उच्च अदालत पोखरा | |
| ३ | २ | उच्च अदालत पोखरा बागलुङ | |
| ४ | २ | उच्च अदालत पाटन | |
| ५ | १ | कास्की जिल्ला अदालत | |

## *मुद्दाको संख्यात्मक विवरण*

| क्र.सं. | विवरण | आ.व. | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/०८१ | |
| १ | दायरमुद्दा संख्या | १९ | १९ | ३३ | ३५ | ५६ | ५२ | २१४ |
| २ | फैसला | ४ | ३ | ११ | २४ | ४३ | ३५ | १२० |
| ३ | चालु अवस्थामा रहेका मुद्दा | १५ | १६ | २२ | ११ | १३ | १७ | ९४ |

# अनुसूची - १

*गण्डकी प्रदेश सभाबाट जारी भएका ऐन तथा प्रदेश सरकारबाट स्वीकृत भई लागू भएका नियमावलीको विवरण*

**(अ) ऐनहरूको सूची**

| क्र.सं | ऐनहरुको नाम |
|---|---|
| १ | प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४ |
| २ | स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७४ (खारेज) |
| ३ | प्रदेश नं. ४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४(खारेज) |
| ४ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धीऐन, २०७४ |
| ५ | मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ |
| ६ | प्रदेश विनियोजन ऐन, २०७५ (आ.व. २०७४/०७५) |
| ७ | स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ |
| ८ | प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन)ऐन, २०७५ (संशोधन ऐन) |
| ९ | कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७५ |
| १० | प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ |
| ११ | आर्थिक ऐन, २०७५ |
| १२ | विनियोजन ऐन, २०७५ (आ.व. ०७५/०७६) |
| १३ | प्रदेश आकस्मिक कोष ऐन, २०७५ |
| १४ | स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ |
| १५ | खोप सेवा (सञ्चालन तथा व्यवस्थापन)ऐन, २०७५ |
| १६ | प्रदेश दुग्ध विकास वोर्ड ऐन, २०७५ |
| १७ | मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ |
| १८ | केही प्रदेश कानून संशोधन गर्ने ऐन, २०७५ (संशोधन ऐन) |
| १९ | गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ |
| २० | वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५ |
| २१ | सहकारी ऐन, २०७५ |
| २२ | ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ |
| २३ | प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ |
| २४ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ |

| क्र.सं | ऐनहरुको नाम |
|---|---|
| २५ | सुर्तीजन्य पदार्थ(नियन्त्रण तथा नियमन) गर्ने ऐन, २०७६ |
| २६ | विनियोजन ऐन, २०७६ |
| २७ | आर्थिक ऐन, २०७६ |
| २८ | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ |
| २९ | पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्नेऐन, 2076 |
| ३० | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ |
| ३१ | गण्डकी विश्वविद्यालयऐन, २०७६ |
| ३२ | प्रदेश सुशासन ऐन, २०७६ |
| ३३ | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६ |
| ३४ | प्रदेश वातावरण संरक्षण ऐन,२०७६ |
| ३५ | गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान ऐन, २०७६ |
| ३६ | गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ |
| ३७ | प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६ |
| ३८ | आर्थिक ऐन, २०७७ |
| ३९ | विनियोजन ऐन, २०७७ |
| ४० | प्रदेश विकास समिति ऐन, २०७७ |
| ४१ | प्रदेश सभा सचिवालय ऐन, २०७७ |
| ४२ | गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ |
| ४३ | गण्डकी प्रदेश प्रहरी ऐन, २०७७ |
| ४४ | प्रदेश खेलकुद विकास ऐन, २०७७ |
| ४५ | प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ |
| ४६ | गण्डकी प्रदेश विकास प्राधिकरण ऐन, २०७७ |
| ४७ | विनियोजन ऐन, २०७८ |
| ४८ | आर्थिक ऐन, २०७८ |
| ४९ | गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ |
| ५० | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७८ |

| क्र.सं | ऐनहरुको नाम |
|---|---|
| ५१ | प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ |
| ५२ | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ |
| ५३ | गण्डकी प्रदेश सिँचाइ ऐन, २०७८ |
| ५४ | गण्डकी प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन,२०७८ |
| ५५ | विनियोजन ऐन, २०७९ |
| ५६ | आर्थिक ऐन, २०७९ |
| ५७ | गण्डकी प्रदेश खानेपानी तथा सरसफाई ऐन, २०७९ |
| ५८ | गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ |
| ५९ | गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन, २०७९ |
| ६० | विनियोजन (पहिलो संशोधन) ऐन, २०७९ |
| ६१ | केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ |
| ६२ | गण्डकी प्रदेश निजामती सेवा ऐन , २०७९ |
| ६३ | स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ |
| ६४ | आर्थिक ऐन, २०८० |
| ६५ | विनियोजन ऐन, २०८० |
| ६६ | गण्डकी प्रदेश वन ऐन, २०८० |
| ६७ | गण्डकी प्रदेश विउ विजन ऐन, २०८० |
| ६८ | गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० |
| ६९ | गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता(पहिलो संशोधन) ऐन, २०८१ |
| ७० | गण्डकी प्रदेश आर्थिक ऐन, २०८१ |
| ७१ | गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ |
| ७२ | केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१ |

## आ. नियमावलीहरुको सूची

| क्रसं | नियमावलीको नाम |
|---|---|
| १ | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ |
| २ | प्रदेश सरकार (कार्य सम्पादन) नियमावली,२०७४ |
| ३ | सहकारी नियमावली, २०७६ |
| ४ | गण्डकी प्रदेश बजार अनुगमन नियमावली,२०७६ |
| ५ | सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ |
| ६ | ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली, २०७६ |

| क्रसं | नियमावलीको नाम |
|---|---|
| ७ | प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ |
| ८ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान नियमावली, २०७७ |
| ९ | गण्डकी प्रदेश खेलकुद विकास निमयावली, २०७८ |
| १० | गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० |
| ११ | प्रदेश सुशासन नियमावली, २०७७ |
| १२ | गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ |
| १३ | स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० |
| १४ | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ |
| १५ | गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान आर्थिकप्रशासन नियमावली, २०७९ |
| १६ | गण्डकी प्रज्ञा प्रतिष्ठान नियमावली, २०७९ |
| १७ | गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान नियमावली, २०७९ |
| १८ | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान नियमावली, २०७९ |
| १९ | गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता नियमावली, २०७९ |
| २० | प्रदेश वातावरण संरक्षण नियमावली, २०७९ |
| २१ | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०७९ |
| २२ | गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ |
| २३ | गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० |
| २४ | गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० |
| २५ | गण्डकी प्रदेश वन नियमावली, २०८१ |

# अनुसूची-२

## गण्डकी प्रदेश सरकार अन्तर्गत कायम रहेका मन्त्रालयको विवरण

| क्र.स. | मन्त्रालय/निकाय | फोन नं. | वेबसाइट | इमेल |
|---|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ०६१-४६७६४८, ६६४, ६६५, ८५१ | ocmcm.gandaki.gov.np | ocmcm@gandaki.gov.np, ocmcm.gandaki@gmail.com |
| २ | आर्थिक मामिला मन्त्रालय | ०६१-४५७६९७ | mof.gandaki.gov.np | mof@gandaki.gov.np |
| ३ | उद्योग तथा पर्यटन मन्त्रालय | ०६१-४६७६५४, ४६७६६९, ४६७६७० | mofesc.gandaki.gov.np | moitfe4@gmail.com |
| ४ | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ०६१-४५०७७१, ०६१-४५०८३२, ०६१-४५०८३३ | moewrws.gandaki.gov.np | moewrws.gandaki@gmail.com |
| ५ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | ०६१-४६७८८५ | molmac.gandaki.gov.np | molmacprovince4@gmail.com |
| ६ | वन तथा वातावरण मन्त्रालय | ०६१-४५८०५८ | mofesc.gandaki.gov.np | moitfe4@gmail.com |
| ७ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | ०६१-४६५५३६ | mopid.gandaki.gov.np | mopid@gandaki.gov.np |
| ८ | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | ०६१-५३५०९५ | mosd.gandaki.gov.np | ministrysocialdevpkr@gmail.com |
| ९ | स्वास्थ्य मन्त्रालय | ०६१-५३५०९५ | mohp.gandaki.gov.np/ | mohp.gandaki@gmail.com |

# अनुसूची-३

## गण्डकी प्रदेश अन्तर्गतका निकाय/आयोग/प्रतिष्ठान/निर्देशनालयहरूको विवरण

| क्र.स. | मन्त्रालय/निकाय | फोन नं. | वेबसाइट | इमेल |
|---|---|---|---|---|
| १ | प्रदेश नीति तथा योजना आयोग | ०६१-४६४८४१ | ppc.gandaki.gov.np | pppcgandaki@gmail.com |
| २ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ०६१-४६७७५३, ७५४ | oca.gandaki.gov.np | info@oca.gandaki.gov.np, chiefattorney4@gmail.com |
| ३ | प्रदेश लेखा नियन्त्रक कार्यालय | ०६१-४६७८०८, ८०९, ७४९ | pfco.gandaki.gov.np | pfcogandaki@gmail.com |
| ४ | पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ०६१-४६८०१९ | iccrpd.gandaki.gov.np | iccrdpokhara@gmail.com |
| ५ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | ०६१-५२०४५४, ५२७५८५, ५२८८२४ | dlfd.gandaki.gov.np | dlfd.gandaki@gmail.com |
| ६ | कृषि विकास निर्देशनालय | ०६१-५२०२६३, २७३ | add.gandaki.gov.np | addgandakipradesh@gmail.com |
| ७ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | ०६१-५२५४४८ | abpstc.gandaki.gov.np/ | info@abpstc.gandaki.gov.np |
| ८ | स्वास्थ्य निर्देशनालय | ०६१-५५०३९० | hd.gandaki.gov.np | hd.gandaki@gmail.com |
| ९ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | ०६१-५३६२५४, २५५ | phsmc.gandaki.gov.np | phlmcgandaki2076@gmail.com |
| १० | स्वास्थ्य तालिम केन्द्र | ०६१-५२३१०९, ५२०३९६ | htc.gandaki.gov.np | gandakihtc2075@gmail.com |
| ११ | शिक्षा विकास निर्देशनालय | ०६१-४६३१०४, ४६५०९६ | edd.gandaki.gov.np | edd.gandaki@gmail.com |
| १२ | प्रदेश वन निर्देशनालय | ०६१-५२०३०५ | dof.gandaki.gov.np | wrfdpkr@gmail.com |
| १३ | पूर्वाधार विकास निर्देशनालय | ०६१-४६५१०६ | idd.gandaki.gov.np | tid.pokhara@gmail.com, idd@gandaki.gov.np |
| १४ | गण्डकी विश्वविद्यालय | ०६१-४६०२४९ | gandakiuniversity.edu.np | info@gandakiuniversity.edu.np |
| १५ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | ०६१-५२१०८० | gpta.gandaki.gov.np | academy.gandaki@gmail.com |
| १६ | प्रदेश लोक सेवा आयोग | ०६१-४६७८७३ | ppscgandaki.gov.np | gandakipsc2076@gmail.com |
| १७ | गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान | ९८५६०६७३७७ | gtevta.org.np | gandakitevta@gmail.com |
| १८ | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान | ९८५६०८६४८६ | gpast.gandaki.gov.np | info.gpast@gandaki.gov.np, director.gpast@gandaki.gov.np |
| १९ | गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठान | ९८५६०२५१९७,९८४६०२०७८९ ९८४६११९९५५ | gandakiacademy.gov.np | gandakiacademy2@gmail.com info@gandakiacademy.gov.np |

# अनुसूची-४

## तयारी तथा सहजीकरण समिति

श्री बाबुराम गौतम, सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

श्री धर्मराज कुइँकेल, सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

श्री टीकाराम पौडेल, उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

श्री राजेन्द्र बहादुर क्षेत्री, उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

श्री नरहरी सापकोटा, माननीय मुख्यमन्त्रीज्यूको प्रेस संयोजक

श्री चिन बहादुर रानाभाट, शाखा अधिकृत, आर्थिक मामिला मन्त्रालय

श्री तोयनाथ आचार्य, अधिकृतस्तर छैटौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

श्री केदार सापकोटा, अधिकृतस्तर छैटौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# तस्वीरहरू





संयुक्त राष्ट्रसंघका महासचिव महामहिम एन्टोनियो गुटेरेसलाई गण्डकी प्रदेशको राजधानी पोखरामा स्वागत गर्नुहुँदै माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे



संविधान दिवस २०८१मा प्रभावतफेरी कार्यक्रममा विशिष्ट व्यक्तित्वहरु




पहिलो अन्तरप्रदेश मुख्यमन्त्री बैठक, २०८०




योग ध्यानको प्रदेशस्तरीय कार्यक्रममा मा.मुख्यमन्त्रीज्यू लगायत विशिष्ट व्यक्तित्वहरु



बुर्तिवाङ अस्पताल, बागलुङको समुद्घाटन गर्नुहुदै माननीय मुख्यमन्त्री




माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यूको सपथ ग्रहण समारोह



बासखर्क सुन्तला बगैचा निरीक्षण गर्नुहुदै माननीय मुख्यमन्त्री



रोपाई महोत्सवमा सहभागी हुँनुहुँदै माननीय मुख्यमन्त्रीज्यू




प्रदेश समन्वय परिषदको बैठक




गन्तव्य गण्डकी कार्यक्रममा माननीय मुख्यमन्त्री

## विभिन्न जातजातिका धार्मिक सास्कृतिक कार्यक्रम











